जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ३१४ • २०८० साल चैत्र ३० गते शुक्रबार (12 April, Friday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## राजस्व चुहावट रोक्न निर्देशन

# लामो समयदेखि वीरगञ्जमा कार्यरत प्रहरीको सरुवा हुन्छ :गृहमन्त्री लामिछाने

**अनिल तिवारी**

वीरगञ्ज । उपप्रधान एवम् गृहमन्त्री रवि लामिछानेले गृहप्रशासन नीति नियमबाट चल्ने बताएका छन् । 'विगतमा नेता, दल तथा माफियाहरुको फेबरमा देश चलेको थियो' उनले भने, अब गृहमा आमुल परिवर्तन भएको अनुभूति आमनागरिकले गर्ने छन् ।

वीरगञ्जमा गृह र अर्थ मन्त्रालयद्वारा संयुक्तरुपमा आयोजित राजस्व अभिवृद्धि तथा चुहावट नियन्त्रण सम्बन्धी गोष्ठीलाई सम्बोधन गर्दै मन्त्री लामिछानेले तस्करी र अवैध धन्धा गर्नेले अब उन्मुक्ति पाउने छैन ।

'उद्योगी व्यवसायीहरुले एउटा सामग्रीको बिल राखेर अर्को सामान पठाउनेलाई अब कुनै हालतमा छुट हुने छैन' उनले भने, पहुँच र चिनजानको भरमा गलत व्यापार गर्नेहरुको दिन अब गयो । गलत व्यापार गर्नेलाई कडा कारबाही र राम्रो काम गर्ने उद्योगी व्यवसायीहरुको साथमा गृह प्रशासन रहेकोले सोर्सफोर्समा नलाग्न गृहमन्त्रीले कर्मचारीहरुलाई निर्देशन दिए ।

अहिले बिल बिजकमा देखिएको समस्यालाई पूर्णरुपमा नियन्त्रण गर्ने गरी कदम चाल्ने उनले बताए । व्यापारको नाममा बिल नबनाउने, गलत बिल बनाउने, एउटा बिलमा अर्को सामग्री हाल्नेलाई नियन्त्रणमा लिने र कडा कारबाही गर्न उनले निर्देशन दिए ।



मन्त्री लामिछानेले देशमा अहिले राजस्व संकलनमा देखिएको चुनौतीहरुलाई सामना गर्न नियमित नीतिगत रुपमा सरकारले चाल्नुपर्ने कदमको सन्दर्भमा सघन छलफल गरिरहेको बताए ।

राजस्व चुहावटलाई नियन्त्रण गर्न गृहमन्त्रीले गृह तथा अर्थमन्त्रालय अन्तर्गतका सुरक्षा अधिकारी र कर्मचारीलाई निर्देशन दिँदै सुरक्षा निकाय र भन्सारका कर्मचारीसँग सेटिङमा सीमानाका र भन्सारबाट राजस्व चुहावट हुने गरेको गुनासो आएकोले आफ्नो ध्यानाकर्षण भएको उनले बताए । राजस्व चुहावट हुने कार्यमा संलग्न रहेको पाइएमा कुनै पनि बेला अधिकारीको सरुवा र कारबाही हुने उनले चेतावनी दिए ।

राजस्व अभिवृद्धि तथा चुहावट नियन्त्रण सम्बन्धी गोष्ठी कार्यक्रममा सञ्चारकर्मीहरुले राखेको जिज्ञासामा गृहमन्त्री लामिछानेले एक जना तान्ने भए अहिले नै तान्न सकिने बताउँदै नीति, नियम बनाएर नै धेरै दिनसम्म बसेका सबै प्रहरीहरुको सरुवा गरिने बताए ।

बारा र पर्साका सीमानाकाबाट व्यापक रुपमा हुने तस्करी नियन्त्रण तथा राजस्व चुहावटलाई रोक्नका लागि उनले सुरक्षा निकायलाई निर्देशन दिएका छन् । राजस्वको लक्ष्य भेटाउनका लागि सक्रिय रुपमा लाग्न आग्रह गर्दै उनले भने, 'अवैध रुपमा हुने चोरी, पैठारी तथा तस्करीको नियन्त्रणमा कुनै कसर बाँकी राखिने छैन ।'

# 'कानुन बमोजिम मेयर सिंहलाई कारबाही हुन्छ'

**टुडे समाचारदाता**

वीरगञ्ज । उप प्रधान तथा गृहमन्त्री रवि लामिछानेले नेपालको कानुन बमोजिम मेयरलाई कारबाही हुने बताएका छन् ।

विभिन्न दलका स्थानीय नेताहरुसितको भेटमा उनले कानुन बमोजिम वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहमाथि कारबाही हुने आश्वासन दिए । 'किर्ते नागरिकता प्रकरणमा वीरगञ्जका मेयर राजेशमान सिंहलाई कानुन बमोजिम कारबाही हुनेछ' उनले भने, कानुन भन्दा माथि कोही छैन, दोषीले सजाय पाउँछन् । किर्ते नागरिकता प्रकरण र किर्ते जन्मदर्ता प्रमाण पत्रमा हालसम्म मेयर सिंहलाई कुनै कारबाही नभएको बताउँदै स्थानीय नेताहरुले आक्रोश पोखेका थिए ।

किर्ते नागरिकताका सबै प्रमाण संलग्न फाइल स्थानीय नेताहरुले गृहमन्त्रीलाई बुझाएका छन् । गृहमन्त्रीसंगको भेटमा नेपाली कांग्रेसका क्षेत्रीय सभापति महमद साहबुद्दिन, जनमत पार्टीका नेता शशिकपुर मियाँ, पूर्वमन्त्री करिमा बेगम, मुकेश द्ववेदीलगायतका नेताहरुको टोलीले भेँटेका थिए । उनीहरुले वीरगञ्जका मेयर सिंहलाई किर्ते नागरिकतामा कारबाही गर्न माग गरे ।

किर्ते जालसाजी गरी जन्मदर्ता र नागरिकता बनाउन लगाएका मेयर सिंहमाथि कारबाहीका लागि झण्डै ६ महिनादेखि जिल्ला प्रशासन कार्यालय पर्सा र जिल्ला प्रहरी कार्यालय पर्साले चासो लिएको छैन ।

गृह मन्त्रालयले समेत छानबिन टोली पठाएको थियो । तर त्यो टोलीले दिएको प्रतिवेदन समेत सार्वजनिक भएको छैन । मेयर सिंहलाई जोगाउन स्थानीय प्रहरी प्रशासन लागेको आरोप लगाउँदै नेताहरुले गृह मन्त्रालयको भूमिका समेत चित्त बुझ्दो नरहेको मन्त्री लामिछाने समक्ष गुनासो पोखेका थिए ।





मधेश प्रदेशमै ख्याती प्राप्त धनुषा जिल्लाको क्षिरेश्वरनाथ नगरपलिका, महेन्द्रनगरमा संचालित सिस्टमेटिक ईंगलिस बोर्डिङ्ग स्कूलमा तपसिल बमोजिमको शिक्षक आवश्यकता भएकोले ईच्छुक तथा योग्य उम्मेदवारहरुले ७ दिन भित्र वायोडाटा सहित संम्पर्क गर्नुहुन अनुरोध छ ।

तपसिल

| क्र. स. | विषय | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | नेपाली (मावि) | १ (एक) | नेपाली विषयमा स्नातक उतिर्ण तथा स्नातकोत्तरलाई विशेष प्राथमिकता दिइने छ । |
| २ | अँग्रेजी (मावि) | १ (एक) | अँग्रेजी विषयमा स्नातक उतिर्ण तथा स्नातकोत्तरलाई विशेष प्राथमिकता दिइने छ । |
| ३ | नेपाली (प्रावि) | ३ (तिन) | नेपाली विषयमा +२ उतिर्ण |
| ४ | अँग्रेजी (प्रावि) | ४ (एक) | अँग्रेजी विषयमा +२ उतिर्ण |

सम्पर्क नम्बर : ९८०९६३५४९१



मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल

ANJANI SUITE




विशेषताहरू
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फ्रेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा
Anjani Suite





# नेपालको अर्थतन्त्र ३ दशमलव ६ प्रतिशतले वृद्धि हुने

**टुडे समाचारदाता**

काठमाण्डु । एसियाली विकास बैंक (एडिबी)ले आर्थिक वर्ष २०८०/८१ मा नेपालको अर्थतन्त्र ३ दशमलव ६ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेको छ। यसअघि विश्व बैंकले चालु आर्थिक वर्षमा ३ दशमलव ३ प्रतिशतले नेपालको अर्थतन्त्र वृद्धि हुने प्रक्षेपण गरेको थियो।

बैंकले विहिबार पत्रकार सम्मेलन गरी आफ्नो प्रकाशन 'एसियन डेभलपमेन्ट आउटलुक' (एसियाली विकास परिदृष्य) २०८० सार्वजनिक गर्दै गत आर्थिक वर्ष २०७९/८० को तुलनामा १ दशमलव ९ प्रतिशतले वृद्धि भई नेपाली अर्थतन्त्र क्रमशः सुधारको बाटोमा अघि बढेको जनाएको छ। नेपाल सरकारको मौद्रिक नीतिमा क्रमिकरूपमा लचकता अपनाउँदै उपभोक्ता र लगानीकर्ताको विश्वास जित्ने र पछिल्लो छ महिनामा पुँजीगत खर्चमा तीव्रता दिने नीतिगत व्यवस्थाका कारण अर्थतन्त्र क्रमशः सुधारको दिशामा अघि बढेको बैंकले स्पष्ट गरेको छ।


बैंकले कर्जा क्षेत्रमा देखिएको सहजता, ब्याजदरमा आएको गिरावट, पर्यटन तथा कृषि क्षेत्रको सुधार एवं निर्माणाधीन केही महत्वपूर्ण जलविद्युत् परियोजनाको उत्पादन सुरु भएसँगै औद्योगिक क्षेत्रमा परेको सकारात्मक प्रभावका कारण नेपालको अर्थतन्त्र सुधारोन्मुख रहेको बताएको छ।

कार्यक्रममा एडिबी नेपालका प्रमुख अर्थशास्त्री इयान हासिनले विश्वअर्थतन्त्रमा देखिएको शिथिलतका कारण नेपालको अर्थतन्त्रमा महत्वपूर्ण योगदान रहेको पर्यटन तथा विप्रेषण क्षेत्र प्रभावित हुनसक्ने जोखिम रहेको चर्चा गर्दै गरिबी निवारण, जलवायु परिवर्तन, ऊर्जा क्षेत्रसहित समृद्ध एवं समावेशी नेपालका पक्षमा सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। एडिबी नेपालका वरिष्ठ अर्थशास्त्री मानवर खड्काले पछिल्लो समय दक्षिण एसियाली मुलुकअन्तर्गत भारत र बङ्गलादेश उच्च आर्थिक वृद्धिदर हासिल गर्न सफल भएको जानकारी दिँदै बाँकी अन्य देशको तुलनामा नेपालको अर्थतन्त्र सन्तोषजनक रहेको बताए।

एडिबीका वरिष्ठ अर्थशास्त्री समीर खतिवडाले बाह्य लगानीमा भर नपरी विकास निर्माणसहित पुँजीगत खर्चको व्यवस्था देश स्वयंले गर्नुपर्ने धारणा व्यक्त गर्दै नतिजामुखी नीतिनियमसहित संरचनागत रुपान्तरणतर्फ नेपालको ध्यान जानुपर्ने सुझाव दिएका थिए।

बैंकले पेट्रोलियम पदार्थको मूल्यमा देखिएको गिरावट र भारतको मुद्रास्फीति न्यूनीकरणसँगै नेपालको औसत मुद्रास्फीति गत आर्थिक वर्षको ७ दशमलव ७ को तुलनामा चालु आर्थिक वर्षमा ६ दशमलव ५ प्रतिशतमा झर्ने प्रक्षेपण गरेको छ। यसैगरी चालु आर्थिक वर्षको बाँकी अवधिमा उच्च आयात र स्थिर विप्रेषण आप्रवाहले आर्थिक वर्ष २०८०/८१ मा चालु खाता घाटा कूल ग्राहस्थ उत्पादनको शून्य दशमलव ७ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ। सन् १९६६ मा स्थापित एडिबीमा एसिया-प्रसान्त क्षेत्रका ४९ सहित ६९ सदस्यहरूको स्वामित्व रहेको छ।

# ५३ राउण्ड गोली बरामद



**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको मलंगवाबाट प्रहरीले ५३ राउण्ड गोली बरामद गरेको छ। नेपाल-भारत सीमाक्षेत स्थित मलंगवा नगरपालिका-८, गोरखकालीबाट माटोमुनी गाडेर राखिएको ५३ राउण्ड गोली बरामद भएको जनाइएको छ।

सानो हतियारमा प्रयोग हुने गोली बरामद भएको सर्लाही प्रहरीका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले बताए।

गोरखकालीस्थित भोलेबाबा अटो पार्टस् एण्ड विजयी रिपेरिङ सेन्टर अगाडि खुल्ला ठाउँमा गरगहना राख्ने सानो ब्यागभित्र हालेर माटोमुनी गाडेको अवस्थामा गोली बरामद भएको उनले बताए। गोली राख्ने व्यक्तिको खोजी भइरहेको प्रहरी नायब उपरीक्षक श्रेष्ठले बताए। बरामद भएको गोली जिल्ला प्रहरी कार्यालयमा राखेर थप अनुसन्धान भइरहेको जनाइएको छ।

> सानो हतियारमा प्रयोग हुने गोली बरामद भएको सर्लाही प्रहरीका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले बताए ।

# गाउँपालिकाले विद्युत महसुल तिर्ने




**टुडे समाचारदाता**

राजविराज। सप्तरीको छिन्नमस्ता गाउँपालिकाले किसानहरूको सिँचाइको विद्युत महसुल तिर्ने भएको छ।

कृषि उत्पादन बढाउनका लागि कृषि विद्युतीकरण कार्यक्रम अन्तर्गत खेत खेतमा गाउँपालिकाले सिँचाइ सुविधा पनि पुऱ्याउने निर्णय गर्दै विद्युत महसुल तिर्ने गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले जानकारी दिए।

कृषि विद्युतीकरणबाट सिँचाइ गर्दा कम लागतमा धेरै सिँचाइ गर्न सकिने भएकाले सो अवधारणा ल्याइएको गाउँपालिका अध्यक्ष चौधरीले प्रस्ट गरे।

गत वर्ष असार ७ गते सम्पन्न १० औं गाउँसभा बैठकबाट किसानले खेत सिँचाइ गर्दा उठेको महसुल पचास प्रतिशत गाउँपालिकाले तिरिदिने निर्णय गरेको थियो।

सो निर्णय अनुसार किसान लाभान्वित हुने अपेक्षा गरेको भन्दै कृषि विद्युतीकरणबाट सिँचाइ गर्दा कम लागतमा धेरै सिँचाइ गर्न सकिने भएकाले साथै खेतीप्रति किसानको आकर्षणसमेत बढ्ने अध्यक्ष चौधरीको भनाइ छ।

यस पालिकामा ४० हजार जनसंख्यामध्ये ९५ प्रतिशत व्यक्ति कृषि पेसामा आबद्ध छन्। तर, सिँचाइको अन्य विकल्प नहुँदा किसानले डिजेलबाट चल्ने पम्पसेटबाट खेती सिँचाइ गर्दै आएका छन्।

# पुलिस सेमीफाइनलमा



**टुडे समाचारदाता**

सिमरा। विभागीय टोली नेपाल पुलिस क्लब जगदम्बा स्टिल १४ औं जितपुर सिमरा गोल्डकपको सेमी फाइनलमा प्रवेश गरेको छ।

क्वाटरफाइनलमा पुलिसले आयोजक नव जनजागृति युवा क्लब सिमरालाई घरेलु मैदानमा आयोजकलाई २-१ गोल अन्तरले पराजीत गर्दै पुलिसले अन्तिम चारमा आफ्नो स्थान सुरक्षित गरेको छ।

पुलिसको जितमा दुवै गोल उज्वल राईले गरेका थिएभने आयोजक टिमका लागिमोहित गुरुङले पेनाल्टी गोल गरेका थिए।

पुलिस क्लबका निरज खड्काले आयोजक टिमका मोहित गुरुङलाई डिबक्स भित्र फाउल गरेपछि फिफा रेफ्री प्रज्वल थापा मगरले आयोजकलाई पेनाल्टी अवसर प्रदान गरेका थिए। पेनाल्टीमार्फत गोल गर्दै मोहित गुरुङले आयोजकलाई बराबरीमा ल्याएका थिए।

खेलको ८८ औं मिनटमा पुलिसकाआशिष राईले वन भर्सेन वनको अवसर खेर फाले। सेन्टर लाईनबाट एक्लै बल अघि बढाएका आशिष फिनिसिङमा चुक्दा आयोजकका डिफेण्डरले रोक्न सफल भएका थिए।

खेलको म्यान अफ दी म्याच पुलिसका उज्वल राई घोषित भए। उनले शुभारम्भ कलेज अफ म्यानेज्मेन्टले प्रायोजन गरेको १० हजार रुपैयाँ नगद सहित ट्रफि प्राप्त गरेका थिए।

प्रतियोगिता अन्तर्गत बिहीबार नेपाल एपीएफ क्लब र फ्रेण्ड्स् क्लबको बीचमा अन्तिम क्वाटरफाइनल खेल हुनेछ।

# लागुऔषधसहित १० कारोबारी पक्राउ

**टुडे समाचारदाता**

काठमाण्डु । ठूलो परिमाणको लागुऔषधसहित प्रहरीले १० जना कारोबारीलाई पक्राउ परेको छ। अवैध लागुऔषध खैरो हेरोइन एक सय ९४ दशमलव आठ सय ५० ग्राम, नियन्त्रित लागुऔषध पाँच सय तीन एम्पुल एवं मनोनिपक पदार्थ नाइट्रोभेट एक हजार दुई सय ट्याब्लेटसहित उनीहरूलाई पक्राउ गरी अनुसन्धान थालिएको लागुऔषध नियन्त्रण ब्यूरोले जानकारी दिएको छ। पक्राउ परेकामध्ये दुईजना भारतीय कारोबारीसमेत छन्।

विशेष सूचनाका आधारमा प्रहरीको लागुऔषध नियन्त्रण ब्यूरोद्वारा सञ्चालित प्रहरी कारबाहीका क्रममा उनीहरूलाई पक्राउ गरी लागुऔषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम कारबाही थालिएको ब्यूरोका प्रहरी उपरीक्षक रामेश्वर कार्कीले बताए। उनका अनुसार उपत्यकाका विभिन्न क्षेत्रबाट पछिल्लो १० दिनको कारबाही अभियानमा उनीहरु पक्राउ परेका हुन्।



बूढानीलकण्डबाट मोरङका नवीन धिताल, ललितपुर महालक्ष्मीबाट सप्तरीका परमानन्द मेहता, विकास कार्की, काठमाडौँबाट भारतीय नागरिक विकास कुमार तथा काठमाडौँ चाबहिलबाट सुनसरीका सञ्जय लिम्बू र विकास मण्डललाई पक्राउ गरिएको उनले बताए। उनीहरु सबैसँग खैरो हेरोइन बरामद गरिएको हो।

यस्तै नियन्त्रित लागुऔषध नाइट्रोभेट ट्याब्लेट बिक्री गरिरहेको छ भन्ने सूचनाका आधारमा कोटेश्वरस्थित ब्यूरोबाट खटिएको टोलीले काठमाडौँको चन्द्रागिरिबाट धीरजकुमार साह र गोकर्णेश्वरबाट भारतीय नागरिक धीरज कुमार तथा गोकर्णेश्वरबाटै सुरेश तामाङ र छिरिङ तामाङलाई पनि पक्राउ गरिएको ब्यूरोले जानकारी दिएको छ। उनीहरुबाट पनि विभिन्न प्रकारका लागुऔषध बरामद गरिएको छ।उनीहरुलाई चैत १० गतेयताको १० दिनको अवधिमा खोजतलास गरी पक्राउ गरिएको र सबैजनामाथि अनुसन्धान जारी रहेको प्रहरी उपरीक्षक कार्कीले जानकारी दिए।

# सानिमा जिआईसी इन्स्योरेन्सको साधारणसभा सम्पन्न




**टुडे समाचारदाता**

काठमाण्डु । सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडको छैठौं वार्षिक साधारणसभा सम्पन्न भएको छ। कम्पनीका अध्यक्ष श्री कुनाल कयालको अध्यक्षतामा भएको साधारणसभामा आ.व २०७९/०८० को वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ।

नेपाल वित्तीय प्रतिवेदन बमोजिमको वित्तीय विवरण पेस गरेको छ । सो सभाले संचालक समितिबाट मनोनित स्वतन्त्र संचालकको नियुक्ति अनुमोदन गर्ने प्रस्ताव पारित गर्दै कम्पनीको चुक्ता पूँजी २ अर्व रुपैयाँको २५ प्रतिशत बराबर ५० करोड रुपैयाँको हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित गरेको छ।सो सभाले कम्पनी ऐनको दफा १०५ को उपदफा १ (ग) बमोजिम आ.व. ०७९/०८० मा भएको खर्चको

> नेपाल वित्तीय प्रतिवेदन बमोजिमको वित्तीय विवरण पेस गर्नुका साथै साधारणसभाले सो प्रस्ताव सर्वसम्मत रुपमा पारित गरेको जनाइएको छ ।आगामी आर्थिक वर्ष ०८०/०८१ का लागि कम्पनीको वार्षिक लेखा परिक्षकमा एन. अमात्य एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टस्लाई नियुक्त गर्ने संचालक समितिको प्रस्ताव सभाले सर्वसम्मत रुपमा पारितसमेत गरेको छ ।

गर्नुका साथै साधारणसभाले सो प्रस्ताव सर्वसम्मत रुपमा पारित गरेको जनाइएको छ।

आगामी आर्थिक वर्ष ०८०/०८१ का लागि कम्पनीको वार्षिक लेखा परिक्षकमा एन. अमात्य एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टस्लाई नियुक्त गर्ने संचालक समितिको प्रस्ताव सभाले सर्वसम्मत रुपमा पारितसमेत अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित गरेको छ।

यसका साथै सो कम्पनीले आफ्नो ध्यान अझ उत्कृष्ट सेवा दिनमा केन्द्रित गरी ग्राहकहरुको मन जित्दै आफ्नो व्यवसाय थप विस्तार गरी देशको अर्थतन्त्रमा महत्वपूर्ण भुमिका निर्वाह गर्न क्रियाशिल रहने अध्यक्ष कयालले प्रतिबद्धता व्यक्त गरे।

# प्रतिनिधीसभाको अवरोध अन्तयका लागि संवाद सुरु भएको प्रधानमन्त्रीको भनाई

**टुडे समाचारदाता**

विराटनगर । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रतिनिधिसभामा देखिएको गत्यावरोध अन्त्य गर्नका लागि राजनीतिक तहमा संवाद सुरु भएको बताएका छन्।

विराटनगरमा विहिबार पत्रकारसँग संक्षिप्त कुराकानी गर्दै प्रधानमन्त्री प्रचण्डले पछिल्लो गतिरोधको समाधान राजनीतिक संवादबाटै समाधान हुने र त्यसका लागि राजनीतिक तहमा संवाद थालिएको बताएका हुन् । प्रधानमन्त्री प्रचण्डले सहकारीसँग सम्बन्धित समग्र विषयको अलगै र राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष एवं गृहमन्त्री रवि लामिछानेको विषय अलगै अध्ययन गरेर समस्याको समाधान गर्न सकिने विश्वास व्यक्त गरेका थिए।

"अहिले रवि लामिछानेलाई नै केन्द्रमा राखेर समितिको माग गरिएको छ, त्यो मिल्ने कुरो छैन", प्रधानमन्त्री प्रचण्डले भने, "मैले सदनमा जवाफ दिँदा अनुसन्धानकर्तादेखि सम्बन्धित निकायका प्रमुख र सम्बन्धित जिल्लाका अधिकारीसँग के हो यो 'केस' भनेर सोधेको थिए । उहाँहरूले यस 'केस' मा रविजीलाई अनुसन्धान गर्ने ठाउँ छैन भन्नुभयो, सोही आधारमा मैले बोलेको हुँ ।"


प्रतिपक्ष दलले सहकारी क्षेत्रमा देखिएको समस्या समाधान गर्नेभन्दा पनि गठबन्धन फेरिएपछि राजनीतिक मुद्दा बनाइएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले भने, "पहिले हामीसँगै कांग्रेस सरकारमा थियो, त्यतिखेर यो मुद्दा सामान्य थियो, सरकारबाट निस्केपछि रविजीलाई केन्द्रमा राखेर समितिको माग गरिएको छ, यो राजनीतिक पूर्वाग्रहमा आधारित छ।"


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु। |
| बृष | : पुरस्कार प्राप्त लाभ। |
| मिथून | : नयाँ कार्य हुने। |
| कर्कट | : बौद्धिक क्षमता। |
| सिंह | : प्रतिभा सम्पन्नता। |
| कन्या | : शिक्षामा उन्नति। |
| तुला | : पारिवाहिक सुख। |
| बृश्चिक | : धन वृद्धि सञ्चय। |
| धनु | : प्रेम प्रसंग, मित्र सुख। |
| मकर | : सुख समृद्धि हुने। |
| कुम्भ | : भ्रमण अवसर हुने। |
| मीन | : अवसर प्राप्त। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# वीरगंजले सात वर्षमा दुई सय ८१ उजुरी किनारा लगायो

**टुडे समाचारदाता**

वीरगंज । वीरगञ्ज महानगरपालिकाअन्तर्गतको न्यायिक समितिले पछिल्लो सात वर्षमा दुई सय ८१ वटा उजुरीको किनारा लगाएको छ ।

महानगरपालिकाका उपप्रमुखको संयोजकत्वमा गठित समितिमा आर्थिक वर्ष २०७४/७५ देखि हालसम्म दर्ता भएका तीन ५३ उजुरीमध्ये दुई सय ८१ वटा किनारा लगाएको हो । उपप्रमुख इम्तियाज आलम संयोजकत्वको टोलीले चालु आव २०८०/८१ को आठ महिनामा चारवटा उजुरी फछ्र्यौट गरेको न्यायिक समितिका उजुरी प्रशासक अधिवक्ता धनबहादुर थापाले जानकारी दिए ।




न्यायिक समितिमा चालु आवमा दर्ता भएको २३ वटा र अघिल्लो आव २०७९/८० बाट सरेर आएको ४९ वटा गरी ७२ वटा उजुरी फछ्र्यौट हुन बाँकी रहेको अधिवक्ता थापाले बताए । उनका अनुसार न्यायिक समितिले आव २०७४/७५ मा एक सय २६ वटा, आव २०७५/७६ मा ७७ वटा, आव २०७६/७७ मा ५४ वटा, आव २०७७/७८ मा आठवटा, आव २०७८/७९ मा चारवटा र आव २०७९/८० मा चारवटा उजुरी किनारा लगाएको छ ।

वीरगञ्ज महानगरपालिकामा गत आव २०७४/७५ देखि नै न्यायिक समिति गठन भएर कार्य गर्दै आएको छ । न्यायिक समितिमा आउने उजुरीमध्ये करिब ८० प्रतिशत उजुरी जग्गा विवादसम्बन्धी नै रहेको उनको भनाइ छ । न्यायिक समितिमा धेरैजसो उजुरी जग्गा विवाद, घर निर्माण खिचौला, लेनदेन, बालीनाली नोक्सानी, घरभाडा सम्बन्धमा आउने गरेको अधिवक्ता थापाको भनाइ छ ।

स्थानीय तहका विवाद स्थानीय तहमै मेलमिलापका माध्यमबाट समाधान गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा स्थानीय तहमा न्यायिक समितिको व्यवस्था गरिएको छ । उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा गठित न्यायिक समितिलाई सम्बन्धबिच्छेद, जग्गा विवाद, घरभाडासम्बन्धी, गाईभैँसीले बालीनाली नोक्सानी गरेको लगायतका विवाद मेलमिलापमार्फत समाधान गर्ने जिम्मेवारी दिइएको छ ।

महानगरपालिकाको न्यायिक समितिले आफ्नो अधिकार क्षेत्रका मुद्दा मामिलालाई मेलमिलापको सिद्धान्तमा निर्णय गर्दा प्रभावकारी बनेको स्थानीयले बताएको छ ।

# वीरगंजमा सदर चिडियाखानाको निमार्ण कार्य सुरु

**टुडे समाचारदाता**

वीरगंज । पर्सा राष्ट्रिय निकुञ्जले वीरगंजमा सदर चिडियाखाना निर्माणको काम सुरु गरेको छ । वीरगञ्ज महानगरपालिका-३१ को सोलखपुर र वडा नम्बर ३२ स्थित रामराम वनमा चिडियाखाना निर्माणको काम अघि बढाएको हो ।

पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षासहित चिडियाखाना निर्माण थालिएको निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाले बताए । "चिडियाखाना निर्माण हुने ५० हेक्टर क्षेत्रफलमा अहिले बार लगाउने काम भइरहेको छ", उनले भने, "यसका साथै परामर्शदाता नियुक्त गरेर चिडियाखानाको विस्तृत परियोजना प्रतिवेदन तयारीको काम अघि बढेको छ", 'डिपीआर' तयार भएलगत्तै चिडियाखानाको भौतिक संरचना निर्माण थालिने उनले बताए ।

उनका अनुसार चिडियाखाना निर्माणका लागि करिब तीन अर्बभन्दा बढी बजेट आवश्यक पर्ने र डिपीआर तयार भएपछि स्रोतको खोजी गरी निर्माणलाई प्राथमिकताका साथ अगाडि बढाइने तथा चिडियाखाना पर्सा राष्ट्रिय निकुञ्जले निर्माण गर्ने र वीरगञ्ज महानगरपालिकाले त्यसलाई सञ्चालन गर्नेगरी सम्झौता भएको छ ।

चिडियाखाना स्थापनाको लागि वीरगञ्ज महानगरपालिकाको वडा नं ३१ को सोलखपुर वडा नं ३२ को रामवन क्षेत्रमध्ये वीरगञ्ज महानगरपालिका वडा नं ३२ को रामवन क्षेत्रमा पर्ने सवैया साझेदारी वन उपभोक्ता समूहले आफ्नो साझेदारी वन क्षेत्रमा चिडियाखाना स्थापनाका लागि सहमति दिएको छ ।

सवैया साझेदारी वनको पूर्व सिमानामा पर्ने प्रस्तावित चिडियाखानाको क्षेत्रफल ५० हेक्टर रहेको घाँस बुट्यान क्षेत्रले ३९ दशमलव ४ हेक्टर, सघन क्षेत्रले ७ दशमलव ५ र अतिक्रमण क्षेत्रले ३ दशमलव १ हेक्टर ओगटेको छ । उष्ण साल वन क्षेत्र रहेको सो वनमा मुख्य प्रजाति साल, कर्मा छभने कहिलेकहीँ घुमन्ते बाघ देखिने त्यस क्षेत्रमा चित्तल, खरायो, दुम्सी, वन बिरालो, पुट्के बँदेल, चौँका, सुगा, मैना, गरुड र सारस पनि पाइन्छन् । उक्त क्षेत्रमा घस्रिने कृमिवर्गका गोमन, अण्डा खाने सर्प र मुसा खाने सर्प पनि पाइने भएकाले यहाँ चिडियाखाना बनाउन उपयुक्त हुने संरक्षण अधिकृत खतिवडाको कथन छ ।

# शुभकामना आदान प्रदान गर्दै हिन्दू मुस्लिम सदभाव बांड्दै

**टुडे समाचारदाता**

महोत्तरी । हिन्दू धर्माबलम्वीहरुको वासन्ती नवरात्र र इस्लाम धर्मालम्बीको ईद पर्वको अवसरमा मधेशका हिन्दु मुस्लिमहरुले एक आपसमा शुभकामना अदान प्रदान गरेर सदभाव बाँड्का छन् ।

नयाँ वर्षको प्रारम्भमा मनाइने 'जुडशीतल' पर्वका निम्ति सरसामानको जोहो गर्न हिन्दूहरू व्यस्त छन् । महोत्तरीसहित मधेसका मिथिला क्षेत्रमा छ्यासमिस बसोबास रहेका बस्तीमा हिन्दू/इस्लाम अनुयायी एकापसमा शुभकामना आदानप्रदानमा व्यस्त छन् ।

"इद मुवारक (शुभकामना) छ', महोत्तरीको भङ्गाहा-४ रामनगरको मुसलमानटोल पुगेका हिन्दू युवक मुस्लिम समवयीलाई आलिङ्गन गर्दै शुभकामना व्यक्त गर्छन्", यसैगरी मुस्लिम युवक आफ्ना हिन्दू साथीलाई नवरात्र, जुडशीतलको शुभकामना भन्दै सद्भाव व्यक्त गरेका छन् । जिल्ला सदरमुकाम जलेश्वरमा इस्लाम धर्मावलम्बीलाई शुभकामना दिन हिन्दूहरु घरघरैजसो पुग्दैछन् । "हामी मुस्लिम साथीलाई भेट्न उनीहरुको घरमा पुग्दैछौँ", जलेश्वर-२ का ३० वर्षीय विनय विश्वकर्मा भन्छन्, " यहाँ खुसीको वातावरण छ ।"

जलेश्वर सामाजिक र धार्मिक सद्भावका लागि उदाहरणीय भएको नगरप्रमुख सुरेश साह सोनारका अनुसार कुनै मुस्लिमलाई इदको शुभकामना दिन उनका आफन्तभन्दा पहिले हिन्दू पुग्छन्, त्यस्तै हिन्दूका पर्वमा शुभेच्छा प्रकट गर्न मुस्लिम पुग्ने गरेका छन्, "आफ्नो माटोको सहिष्णुताबारे नगरप्रमुख साह भन्छन्, यो मैथिल परम्परा र संस्कृतिको प्रभाव हो । जलेश्वरमा दसैँ महोत्सव र महाशिवरात्रिजस्ता पर्व र समारोहमा मुस्लिम युवा स्वयम्सेवी हुने गरेका उदाहरणले आपसी सदभाव बढदै गएको उनको भनाइ छ ।

जिल्लाका उत्तर/दक्षिण तथा पूर्व/पश्चिम जता पुगे पनि हिन्दू र मुस्लिम युवा सराबरी आपसमा खुसी साटासाट गरीरहेका भेटिएका जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुमनकुमार लाल कर्ण बताउछन् । "चाडपर्वमा देखिने हिन्दू/मुस्लिमबीचको यो प्रेम र सद्भावले मलाई भावुक बनाउँछ", उनी भन्छन्, "छुट्याउनै सकिन्न, इदमा हिन्दू खुसी व्यक्त गरिरहेका हुन्छन्, दसैँ, छठ र फागुजमा मुस्लिम युवाले त्यसै गरेको देखिन्छ", यो मिथिला संस्कृतिमात्र नभएर बुद्ध दर्शनको समेत प्रभाव भएको उनको भनाइ छ ।



मैथिल हिन्दू, मुसलमान,बौद्ध र इसाइ सबै धर्म परम्पराका छन् । यहाँको आपसी सद्भाव र धार्मिक सहिष्णुता चाहिँ वैदिक सनातन, इस्लामिक सुफी सन्त र बुद्ध दर्शन परम्पराको निरन्तरता भएको पाका मैथिल बताउँछन् । यो आपसी प्रेम, धार्मिक सद्भाव र सहिष्णुताले मैथिल हुनुको गर्वानुभूति भएको रामगोपालपुर-२ महनपुरका ६० वर्षीय इस्लाम धर्मावलम्बी महम्मद कादिर हुसैनको भनाई रहेको छ ।

# पर्सामा सामाजिक सद्भाव कायम राख्दै ईद मनाइयो

वीरगंज । पर्सा जिल्लामा पनि इस्लाम समुदायले ईद-उल-फित्र (ईद) सामाजिक सद्भाव कायम राख्दै मनाएका छन् । इस्लाम समुदायले पर्सामा रहेका ईदगाह तथा मस्जिदमा नमाज (प्रार्थना) गर्दै पर्व मनाएका हुन् ।

वीरगञ्जमहानगरपालिका-रस्थित ईदगाहचोकमा हजारौँ संख्यामा रहेका मुस्लिम समुदायले एकापसमा खुसी साटासाट गरेर ईद मनाएका छन् । वीरगञ्जका अन्य समुदायका धर्मावलम्बीले पनि एकापसमा शुभकामना आदानप्रदान गरेका छन् ।



वीरगञ्ज-२ छपकैयाँका शाहिद मियाँ सिद्धिकीले चाडपर्वलाई सामाजिक सद्भाव कायम गर्ने माध्यमका रूपमा अघि बढाउनुपर्ने बताउनुभयो । "वीरगञ्जमा हिन्दू, मुस्लिम, शिखलगायतका समुदायका मानिस एकापसमा सद्भाव कायम गरेर बसोबास गर्दै आइरहेका छौँ", उहाँले भन्नुभयो, "मेरा हिन्दू तथा शिख समुदायका साथीहरूले ईदको शुभकामना दिनुको साथसाथै आफ्नो चाडपर्वमा पनि बोलाउनुहुन्छ । हामी पनि ईदमा उहाँहरूलाई बोलाउँछौँ ।"

दुवै समुदायबीच शुभकामना साटासाट गर्दै आइरहेको सिद्धिकीको भनाइ छ । जुनसुकै चाडपर्वलाई पनि आपसी भाइचारा र सामाजिक सद्भाव कायम गर्र्नेगरी अघि बढाउन जरुरी रहेकामा उहाँले जोड दिनुभयो ।वीरगञ्जका मस्जिद तथा ईदगाहमा बालकदेखि ज्येष्ठ नागरिक उमेर समूहका मुस्लिम समुदायका मानिसको उपस्थिति थियो । साथै शारीरिकरूपमा अपाङ्ग तथा अशक्तहरू पनि नमाज गर्नका लागि ईदगाह तथा मस्जिदमा सहभागी भएका थिए ।

"हामीले ईदको अवसरमा एक महिनासम्म भोकै बसेर रोजा 'व्रत' बस्यौँ । अब नमाज पढेर रोजा तोडेका छौँ", मुस्लिम समुदायका अगुवा सहवीर अहम्मदले भन्नुभयो, "आज हामीले घरमा इष्टमित्र बोलाएर सेबई र अरु मीठो परिकार खाने र खुवाउने परम्परा रहेको छ ।" उहाँका अनुसार मुस्लिम समुदायले आफ्नो आम्दानीको दुई दशमलव पाँच प्रतिशत रकम दुःखी तथा अनाथलाई सहयोग गर्ने परम्परा पनि रहिआएको छ ।

ईदका दिन मुस्लिम समुदायका बर्तालु बिहानै मस्जिद र ईदगाहमा पुगी सामूहिक नमाज पढेर आफू तथा आफ्नो परिवारको तर्फबाट भएको गल्तीको क्षमायाचना गर्दै अल्लाह (भगवान)सँग आशीर्वाद लिने गर्दछन् ।वीरगञ्जमा करिब तीस हजारको हाराहारीमा मुस्लिम समुदाय रहेको अनुमान गरिएको छ । वीरगञ्जमा ईदगाहचोक, छपकैया, मुली, नगवा, नयकाटोलालगायत स्थानमा पुगी नमाज पढेर दुवा अर्थात् आशीर्वाद मागेको दृश्य देखिन्थ्यो । नमाज पढेर सकेपछि मुस्लिम समुदायले एकापसमा अङ्कमाल गर्दै ईदको शुभकामना साटासाट गरी यो पर्व मनाएका छन् । रासस

# वन डढेलोबाट घाइते हुनेको निःशुल्क उपचारको माग

**टुडे समाचारदाता**

काठमाण्डु । सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन)ले वन डढेलोबाट घाइते हुनेहरुको निःशुल्क उपचार र मृतकको परिवारलाई राहत उपलब्ध गराउन माग गरेको छ ।

फेकोफनले विहिबार एक विज्ञप्ति जारी गर्दै फेकोफनले घाइतेहरुको उपचार समयमै र निःशुल्क हुनुपर्ने र मृतकको परिवारलाई उचित राहतको वयवस्था हुनपर्ने माग गरेको हो ।विगत केही दिनदेखि मुलुकभर बढ्दो वन डढेलोका कारण व्यापक रुपमा हुन गएको जनधनको क्षतिप्रति सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालले आफ्नो गम्भीर रुपमा ध्यानाकर्षण भएको जनाएको छ । लामो समयदेखि हिउँदे वर्षाको कमी, निरन्तर तापक्रमको वृद्धि, गर्मी मौसमको सुरुआतलगायतका प्राकृतिक कारण र सेचतनाको कमी, लापरवाहीका कारण वन डढेलो लागेको भन्दै महासङ्घले नियन्त्रणमा पहल नभएको पनि फेकोफनले गुनासो गरेको छ ।

नियन्त्रणसम्बन्धी सामुदायिक तथा सरकारी योजनाहरुको प्रभावकारी कार्यान्वयनको कमी र सम्बन्धित निकायबीच समन्वयको अभाव जस्ता मानवीय कमजोरीका कारण डढेलोका कारण क्षति हुने गरेको फोकोफनको भनाइ छ । फेकोफनका अध्यक्ष ठाकुर भण्डारीले हालै डोल्पाको ठूलीभेरी नगरपालिकाको मस्ता सामुदायिक वनमा लागेको डढेलो नियन्त्रणका क्रममा मृत्यु हुनेको परिवारलाई राहत र घाइतेलाई निःशुल्क उपचार हुनुपर्ने बताएका छन् ।

"उक्त स्थानमा डढेलो नियन्त्रण गर्ने क्रममा तीन जना नेपाली सेनाको मृत्यु भएको छ भने कालिकोट, भोजपुर, धनकुटा, ललितपुरलगायतका जिल्लामा वन डढेलो निभाउने क्रममा सामुदायिक वनका उपभोक्ताहरुको मृत्यु भएको छ", उनले भने, "घाइतेहरुको तत्काल निःशुल्क उपचार र आगलागीबाट मृत्यु हुने व्यक्तिका परिवारका लागि उचित क्षतिपूर्ति तथा राहत उपलब्ध गराउन सरकारी निकाय र सरोकारवालासँग सामुदायिक वन उपभोक्ता महासङ्घ, नेपाल हार्दिक अपिल गर्दछ ।"

उनले वन डढेलो नियन्त्रणका लागि देशभरका सामुदायिक वन उपभोक्ता समूहले गर्दै आएको अथक प्रयासप्रति हार्दिक धन्यवाद व्यक्त गरेका छन् । वन डढेलो नियन्त्रण गर्ने जस्तो जोखिमपूर्ण र पूनित कार्यमा वन उपभोक्ता समूहले गरेको योगदानको कुनै न कुनै रुपमा उच्च मूल्याङ्कन हुने उनको भनाइ छ । पूर्वमनसुन प्रणाली सक्रिय नभएको र औषत तापक्रम निरन्तर बढ्दै गएका कारण वन डढेलोको प्रकोपमा थप वृद्धि हुनसक्ने सहजै अनुमान गर्न सकिने उनको भनाइ छ ।

"दैनिक रुपमा वनमा जाने गोठाला, घाँस दाउरा गर्न जाने किसान समूह तथा जडीबुटी र काठ दाउरा सङ्कलन गर्न जाने व्यक्तिहरुलाई वनमा डढेलो लाग्न नदिनका लागि वन क्षेत्रमा नै गई नियमित रुपमा सचेतना अभिवृद्धि गरी निरोधात्मक उपायहरु अवलम्बन गर्नुपर्छ", अध्यक्ष भण्डारीले भने ।

# स्थानीय तहलाई विपद्को पूर्वतयारीमा जुट्न आग्रह

काठमाण्डु । बर्खायाम सुरु हुनुपूर्व जिल्ला विपद् व्यवस्थापन समितिले जिल्लाका सबै पालिकालाई पूर्वतयारीमा जुट्न आग्रह गरेको छ ।

प्रमुख जिल्ला अधिकारी समेत रहनुभएका जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक रुद्रादेवी शर्माको अध्यक्षतामा बुधबार धुलिखेलमा बसेको बैठकले आर्थिक वर्ष २०८०/८१ को साउनदेखि चैत २६ गतेसम्मको समीक्षा गर्दै आगामी दिनमा विपद् पूर्वतयारीमा जुट्नका लागि विपद्को प्रकृति र सम्भावित स्थान, जोखिमको अवस्थाको पूर्वानुमान विवरण उपलब्ध गराउन आग्रह गरेको हो ।बैठकले स्थानीय विपद् व्यवस्थापन समितिको बैठक नियमितरुपमा बस्दै मनसुन तथा विपद्बाट प्रभावित हुनसक्ने स्थान पहिचान गरी सङ्कटको अवस्थामा रहेका समुदाय एवं बस्तीको पहिचान, जोमिम न्यूनीकरणका उपाय अवलम्बन गर्ने निर्णय गरेको छ ।

वन डढेलो नियन्त्रणका लागि डिभिजन वन कार्यालयले स्थानीय तहसँग समन्वय गरी प्रभावकारी कार्ययोजनामार्फत कार्यान्वयन गर्ने, विपद् प्रतिकार्यका लागि आवश्यक पर्ने सामग्रीको सम्बन्धित सबै निकायले तयारी अवस्थामा राख्ने, एम्बुलेन्स, दमकल, मर्मतसम्भार गरी तयारी अवस्थामा राख्ने र विपद्को समयमा अन्तरस्थानीय तह समन्वय गरी परिचालनको व्यवस्था मिलाउने, स्थानीय विपद् व्यवस्थापन कोषबाट खर्च भएको रकमको विवरण जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउनेलगायत विषयलाई प्रमुखताका साथ अगाडि बढाउने निर्णय भएको छ ।




स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र सञ्चालन भएका पालिकामा सक्रियरुपमा सञ्चालन गर्न र स्थापना नभएका पालिकामा केन्द्र स्थापना गरी जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गर्न स्थानीय तहमा अनुरोध गर्ने, विपद्का समयमा तत्काल सेवा दिनसक्ने गरी स्वास्थ्य संस्था, औषधि र जनशक्तिलाई तयारी अवस्थामा राख्ने, विकास आयोजना सञ्चालन गर्दा र निर्माण सामग्री उत्पादन गर्दा विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गरी प्रचलित कानुन र मापदण्डको पूर्णपालना गरी सम्बद्ध निकायले प्राथमिकताका साथ कार्यान्वयन गर्ने र विपद् व्यवस्थापनसम्बन्धी काम गर्ने सङ्घसंस्थाले जिल्लास्थित र स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी गरेको कार्यको प्रगति विवरण पेस गर्ने, सोको समन्वय गैरसरकारी संस्था महासङ्घबाट गर्नेलगायत विषयमा बैठकले निर्णय गरेको छ ।

बैठकमा बागमती प्रदेशसभा सदस्य मञ्चनचन्द्र बादे श्रेष्ठले स्थानीय तहहरुले विपद् व्यवस्थापनका लागि गर्दै आएको सराहनीय कार्यलाई अझै प्रभावकारी ढङ्गले अगाडि बढाउन आग्रह गर्दै विकासको काम गर्दै जाने क्रममा विपद्को अवस्था पनि बढ्दै गएकाले सचेत भएर पूर्वतयारीमा जुट्न आवश्यक रहेकामा जोड दिनुभयो ।

सो क्रममा उहाँले बनेपा, पनौती र धुलिखेल नगरको एकीकृत योजना बनाएर दमकलको व्यवस्थापन गर्नुपर्ने, पुण्यमाता खोला आसपास पनौती र धुलिखेल नगरपालिकामा परेका भूभागअन्तर्गतका खोलामा साना कल्भर्ट हाल्नुपर्ने बताउनुभयो । केही ठाउँमा हालेको पुलसमेत होचो बनाएर खोलाको बाटो नै सानो हुँदा अवागमनमा समस्या भएको भन्दै दीर्घकालीनरुपमा समाधान गर्नका लागि नालादेखि पनौतीसम्म व्यवस्थित बनाउन योजना बनाइरहेको श्रेष्ठले बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी शर्माले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८१' ले तयार पारी जिल्लामा पठाएको ढाँचाहनुसार विपद्को प्रकृति, सम्भावित स्थान र जोखिमको अवस्थाको पूर्वानुमान विवरण सबै स्थानीयतहबाट उपलब्ध गराउन आग्रह गनुर्भयो ।बैठकमा सहभागीले स्थानीय पालिकाले गर्दै आएको जोखिम व्यवस्थान कार्य, आगामी कार्ययोजना र विपद्मा परेकालाई वितरण गर्दै आएको राहतलगायतका विषयमा धारणा राख्नुभएको थियो ।रासस

# सबै समुदायका पर्व र संस्कृतिको जगेर्ना गर्नुपर्ने नेपालको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एकीकृत समाजवादी ) का अध्यक्ष माधवकुमार नेपालले सबै जाति समुदायका पर्व र संस्कृतिको जगेर्नाले मुलुकमा सभ्य समाजको निमार्ण गर्न सकिने बताएका छन् ।



इश्लाम धर्मावलम्वीहरुको इद पर्वको अवसरमा विहिबार शुभकामना सन्देश दिदै अध्यक्ष नेपालले सबै समुदायका संस्कृतिको संरक्षणबाट राष्ट्रिय एकतालाई बलियो बनाउने उल्लेख गरेका छन् । उनले बहुजातीय, बहुभाषिक, बहुधार्मिक एंव बहुसांस्कृतिक विशेषताले भरिपूर्ण रहेको समाजमा सामाजिक एकता अभिवृद्धि गर्न प्रचलित सबै जाति समुदायका सांस्कृतिक चेतनाको प्रवर्द्धन गर्नुपर्ने बताए । अध्यक्ष नेपालले विविध सांस्कृतिक विशेषताका कारण नेपाली समाजलाई एकापसमा एकताबद्ध बनाउने उल्लेख गर्दै विभिन्न चाडपर्वले राष्ट्रको गौरव बढाउने हुँदा तिनको संरक्षण गर्नुपर्नेमा जोड दिएका छन् ।

मुलुकमा एकापसमा पारस्पारिक सम्मान, सह अस्तित्व, सद्भाव र एकताको भावनालाई स्थापित गर्ने विश्वास व्यक्त गर्दै अध्यक्ष नेपालले मानव सभ्यताको विकाससँगै जोडिएका सम्पूर्ण जातजातिका चाडपर्व, भाषा, साहित्य, कला, संस्कृतिले मुलुकलाई सांस्कृतिक रूपमा सम्पन्न बनाउने विश्वास व्यक्त गरे । आपसी एकता, सहिष्णुता र सद्भाव कायम गरी न्यायपूर्ण समाज निर्माण गर्नुपर्ने उल्लेख गर्दै उनले समाजमा विद्यमान सबै प्रकारका विभेद, विकृति र विसङ्गतीलाई अन्त्य गर्नुपर्नेमा जोड दिएका छन् ।

The Asia Foundation

## VACANCY ANNOUNCEMENT

**Date of Announcement: April 9, 2024**

The Asia Foundation is a nonprofit international development organization committed to improving lives and expanding opportunities across Asia and the Pacific. Informed by 70 years of experience and deep local knowledge, our work is focused on governance, climate action, gender equality, education and leadership, inclusive growth, and international cooperation. We work in more than 20 countries through our 17 permanent country offices and programs across Asia and the Pacific, supported by a headquarters in San Francisco and an office in Washington, DC. Our funding comes from a diverse array of bilateral and multilateral development agencies, foundations, corporations, and individuals.

The Asia Foundation (the Foundation) invites applications from interested candidates to support the Foundation's program team for USAID Civil Society Media (CSM) program.


**Position: Monitoring, Evaluation, Research & Learning (MERL) Associate**

**No. of Vacancy: 1 (Madhesh Province, Janakpur)**

**Requirements**: Bachelor's degree in development studies, political science, international relations, public policy, economics, international development, or a relevant field. Minimum two years of experience in Monitoring, Evaluation, Learning, and Research programs. Experience in quantitative and qualitative data collection. Skills in data analysis is an advantage.

To see the full details of vacancy go to this link https://merojob.com/monitoring-evaluation-and-learning-associate/ The deadline for the application is April 21, 2024.

*"The Asia Foundation is an equal-opportunity employer and is committed to building a diverse and inclusive office environment. Women and people from economically and socially excluded groups, especially from Madhesh province are encouraged to apply."*



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# नयाँ वर्ष सुखद होस्

वि.सं.२०८० सम्पन्न हुन अब एक दिन मात्र बाँकी छ। शुक्रबार मध्यरातिदेखि २०८१ साल प्रारम्भ हुनेछ । नयाँ वर्षको सुरुवात हुन अब केही घण्टा मात्र बाँकी छ। २०८० साल समग्रमा नेपाली राजनीतिमा उथलपुथलको समय रह्यो । सत्ता गठबन्धनमा परिवर्तन भएर फेरि अर्को गठबन्धन बनेको छ । पछिल्लो गठबन्धनको सरकारका प्रधानमन्त्री पनि पुष्पकमल दाहाल'प्रचण्ड' नै छन् । प्रधानमन्त्री प्रचण्डको डेढ वर्षे शासनमा गठबन्धन दुई पटक परिवर्तन भइसकेको छ। सत्ता गठबन्धनको प्रभाव तत्कालै प्रदेशमा पनि परेको छ । देशको सत्तालाई उलटफेर गर्न सक्ने क्षमतावान नेताहरु अनेक अभियोगमा मुद्दामा परेका छन् । केही पक्राउ परे, केही रिहा भए। तर देशमा चरम बेथिति रहेको देखिन्छ । राजनीतिक अस्थिरताको कारण देशमा विकास, निर्माणको गति सुस्त छ। प्रदेशको अवस्था पनि उस्तै छ। संघीयताप्रति विश्वास नभएका दलहरु पनि सत्तामा छन्। पूर्व राजालाई फर्काउन राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) सडकमा नै उत्रिसकेको अवस्था छ । देशको राजनीतिक गठबन्धन फेरि फेरिने संकेतहरु देखिन थालेको छ। त्यसले पनि राजनीतिक अस्थिरता आगामी वर्षमा निरन्तर रहने आशंका बढाएको छ । २०८० सालमा देशको बृहत्तहित हुने उपलब्धि कमै मात्र देखिएको छ। अपेक्षाकृत उपलब्धि नहुँदा राजनीतिक दलका नेताहरुप्रति वितृष्णा बढन थालेको छ । आमनागरिकमा निराशा बढेको छ । आमनागरिकका लागि आर्थिक स्थिति अत्यन्त खराब छ । बजारमा सटरहरु बन्द हुन थालेका छन् । विदेशिने क्रम रोकिएको छैन। तर विदेशमा जानेहरुको समस्या थपिएको छ। देशमा तस्करी बढेको छ। राजस्व संकलनमा भारी कमी आएको छ । राजस्वमा आएको कमीको असर सबै क्षेत्रमा देखिन थालिएको छ । २०८० सालमा देशले गर्न नसकेको काम २०८१ मा हुनुपर्छ। नयाँ वर्षमा नयाँ कामहरुको सुरुवात हुनु आवश्यक छ। राजनीतिक स्थिरताका लीग नेताहरुले प्रण गर्नुपर्छ। सबै विकृतिको मूल जरो नै राजनीति रहेकोले सुधार राजनीतिबाट नै हुनुपर्छ। हरेक विषयमा दलगत स्वार्थलाई नै प्राथमिकता दिनु हुँदैन । राष्ट्रहितलाई सर्वोपरी ठानेर नै काम गर्ने प्रण नेताहरुले नयाँ वर्षमा गर्नुपर्छ। वि.सं.२०८१ हरेक नेपालीको मुहार फेर्ने वर्ष सावित होस् । नेपाली राजनीतिमा पारदर्शिता आवश्यक छ। देशका होनहार युवा नेताहरु पनि आर्थिक अनियमितता मुछिन थालेका छन् । देश र विदेशमा रहेका नेपालीहरुका लागि नयाँ वर्ष २०८१ सुखद होस्, हाम्रो शुभकामना ।

# गहिरिँदै पानीको सङ्कट, सुक्दै पानीका मुहान

**गोपालप्रसाद बराल**

चैत सकिएर वैशाख लाग्दैछ । नयाँ वर्षले हर्षोल्लास ल्याउनुपर्ने बेला गत फागुन अन्त्यदेखि नै बढ्दै गरेको पानीको हाहाकार झन् चर्किंदै गएपछि महोत्तरीका बासिन्दा चिन्तित बन्न थालेका छन् । अहिले नै पानी नपाइँदा अब वैशाख, जेठको प्रचण्ड रापमा के होला भन्ने चिन्ताले यहाँ सर्वसाधारण पिरोलिएका छन् । जरुवा सुके, इनारमा पानीको सतह गहिरिँदै छ । खानेपानीका धारा चल्न छाडेका छन् ।

यहाँ सदाकाल भुलभुल गर्दै पातालको पानी निकाल्ने भूल (जरुवा पानीका मुहान) वरपर कमिलाका ताँती देखिन्छन् । जिल्लामा भुल्के पानीको प्रसिद्धि पाएका बर्दिवास-१२ को जुडी र भङ्गाहा-४ पलारको जोकाहा भूल (जरुवा) सुकेका त चार/पाँच वर्ष नै भइसक्यो । जुडी र जोकाहाको भुलको पानीको सिँचाइ हुने भनेपछि धान, गहुँ उत्पादनमा नम्बरी (उम्दा) मानिएका खेत अब बर्खाको पानी नभेटुञ्जेल गखरक्क रहन्छन् । "यो उही जुडीटोल हो भन्ने पत्याउन पनि खै के खै के जस्तो हुन्छ, बाऱ्हैमास पानी चल्ने जुडी जरुवामा अब नयाँ पुस्तालाई यहाँ पानीको मूल (भूल) थियो भन्दा उदेक मान्छन्", बर्दिवास-१२ का सामाजिक, राजनीतिक कार्यकर्ता ७५ वर्षीय प्रमोदकुमार सिंह भन्नुहुन्छ, "यही जुडी भुलको परिचयले यहाँका खेत उम्दा मानिन्थे, अब कथाजस्तो भयो ।"

यसैगरी जोकाहा भुल (जरुवा) सुकेको पनि पाँच वर्ष नाघिसकेको पलारका ८० वर्षीय चौठी बाँतर बताउनुहुन्छ । "जोकाहा भूलकै बाँधबाट एक सय बिघाभन्दा बढी जग्गामा सिँचाइ पुग्थ्यो, जोकाहा जरुवा थाहा पाएका बटुवा यहाँको पातालबाट भुल्कने पानी खान तिर्खा साँचेर यहाँ आउँथे, देख्दादेख्दै सबै कथाजस्तो भयो", बाँतर विरक्तिँदै भन्नुहुन्छ । यी जस्तै जिल्लाका जिबछी, कुटमेश्वरी, पानीखोल्सी, हर्दी, झिल र भुताहासहितका भुलभुले पानीका जरुवा सबै मरे । कतै पानी देखिन्न । पोखरी, तलाउको धनी मानिने जिल्लाका धेरैजसो यस्ता स्रोत सुकेका छन् । जिल्लाका दक्षिणी भेगका पोखरीमा अझै केही पानी देखिएपनि उत्तरी क्षेत्रमा नामनिसान देखिदैन । "पोखरी, डबरा (खाल्डा) सबै सुके, पशुबस्तुलाई नुवाइधुवाइ गराउन छाडियो", भङ्गाहा-४ रामनगरका ६० वर्षीय महारुद्र चौधरी थारु भन्नुहुन्छ, "अब कठिन दिन आउँदैछन् जस्तो लाग्छ ।"

यसैगरी अहिले चैत नसकिँदै खानेपानीका स्रोतका मुहान पनि सुक्दै जाँदा खानेपानीको सङ्कट बढ्दो छ । "हेर्नोस् न, धारामा पानी झर्नै छाड्यो" घरआँगनको खानेपानी धाराको टुटी खोल्दै बर्दिबास-२ की गृहिणी नगिना महतो भन्नुहुन्छ, "अब नुवाइधुवाइ, सरसफाइको कुरै छाडौं, घाँटी भिजाउने पानी पनि पाइने छाँट देखिदैन ।" चैत नबित्दै बनेको यो अवस्थाले वैशाख/जेठको दुबो मर्ने तापमा के होला ? भन्ने नगिनाको थप चिन्ता छ । दिनहुँजसो बिहानपख धारा मर्ने गरेको नगिना बताउनुहुन्छ ।

बर्दिवासका खानेपानी धारा जडित बस्तीमा सबैतिर पानीको अभाव बढेको छ । चुरे शृङ्खलाका खोचबाट निस्कने नदी, खोल्साखोल्सी र जरुवा पानीका मुहानबाट पाइप ओछ्याएर पानी भण्डारण गरी धाराबाट वितरण गरिदै आइएका बस्तीमा अहिले पानी आउन छाडेको हो । "धारामा कतिखेर पानी आउला भनेर बाटो हेरिन्छ" बर्दिबास-१४ की सुनिता साह भन्नुहुन्छ, "पानी बढी चाहिने बिहानपख नै धारा मा पानी आउँदैन ।" अरु आवश्यकता जे जसरी टारिए पनि पानी नै नपाइँदा त सास अल्झाउनै नपाइने पो हो कि भन्ने चिन्ताले पिरोल्न थालेको सुनिता बताउनुहुन्छ। जतिखेर पनि पानी आइरहने धारामा अब त कतिबेला पानी आउँछ भनेर ताक पर्खनु पर्ने भएको गृहिणी बताउँछन् ।

बर्दिवास नगर क्षेत्रका १, २, ३, ४, ५, १०, ११ र १४ का वडाबस्ती खानेपानी धारामा आश्रित छन् । वडानम्बर ६, ७, ८, ९, १२, १३ मा यसरी टङ्कीमा भण्डारण गरेर धाराबाट वितरण गरिएसँगै इनार पनि विकल्पमा प्रयोग गरिन्छन् । अहिले नदी, खोल्साखोल्सी र जरुवा पानीका मुहान सुक्दै गएर पानी भण्डारण घट्दा वितरणमा समस्या आएको हो । यसैगरी इनारको पानीको सतह पनि दिनदिनै गहिरिदै गएपछि मोटरले पानी तान्न छाडेको बर्दिबास-१२ का रामविलास सिंह कुशवाहा बताउनुहुन्छ । "मोटरले त तान्न छाड्यो, अब त डोल पनि डुब्दैन", कुशवाहा भन्नुहुन्छ । मोटरले पानी तान्न छाडेर डोल (बाल्टिन) झार्दा त्यो पनि डुब्न छाडेको बिजलपुराबासी बताउँछन् ।

जिल्लाभरि नै पानीको सतह गहिरिँदै गए पनि उत्तरीक्षेत्रका बर्दिबास, भङ्गाहा र गौशाला नगरपालिका क्षेत्रका एक सयभन्दा बढी टोलबस्तीमा अहिले खानेपानीको समस्या बढेको छ । नदी, खोल्साखोल्सी र जरुवाका मुहान सुक्दै गएपछि पानी निकै कम भण्डारण भइरहेको हुँदा पहिलेजस्तो पर्याप्त पानी धारामा आउन छाडेको बर्दिबास साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका कोषाध्यक्ष भोजप्रसाद फुयाल (शङ्कर) स्वीकार गर्नुहुन्छ । यद्यपि बस्तीबस्तीमा पालो मिलाएर धारामा पानी दिदै आइएको उहाँको भनाइ छ । "पानीका स्रोतका मुहान नै सुकेका छन्, यसले गर्दा पानी कम हुनु त स्वाभाविक नै भयो", फुयाल भन्नुहुन्छ, "हामी मुहान सफा गर्ने र वैकल्पिक उपायको अवलम्बनमा लागेका छौं ।"

सामान्यतया प्रत्येक वर्षजसो वैशाख/जेठमा पानीको सङ्कट झेल्दै व्यहोर्दै आएका जिल्लाको उत्तरी क्षेत्रका बासिन्दा यसपालि भने फागुन अन्त्यदेखि नै पानी कम हुन थालेपछि ठूलो खडेरी पर्नसक्ने चिन्ताले पिरोलिएका छन् । नदी, पानीखोल्सी, जरुवा, इनार र चापाकलसहितका पानीका स्रोतका मुहान सुक्दै गएपछि यसपालि वैशाख लाग्दा नलाग्दै खानेपानीको हाहाकार पर्नसक्ने यस भेगका सर्वसाधारणको चिन्ता छ । भङ्गाहा-४ मा विगतमा खानेपानीको मुख्य स्रोत रहँदै आएको चापाकल पछिल्ला पाँच/छ वर्षदेखि कवाडी बनेका रामनगर बस्तीका ३० वर्षीय रामईश्वर ठाकुर बताउनुहुन्छ । "चापाकल त चल्नै छाडे, सबै खिया लागेर कवाडी बनेका छन्", ठाकुर भन्नुहुन्छ ।



बर्दिवास नगरपालिका क्षेत्रका धेरैजसो बस्तीमा नदी, खोल्साखोल्सी र जरुवाको पानी सङ्कलन गरेर भण्डार गरिएको पानी धाराबाट सर्वसाधारणलाई वितरण गरिदै आइएको छ । यसपालि हिउँदे वर्षा नहुँदा नदी, खोल्सी र जरुवाका मुहान चाँडै सुक्दा फागुन अन्त्यदेखि नै घरघरमा वितरण गरिएका धारामा पानी घटेको हो । "हाम्रो धारामा आउने पानीको स्रोतका मुहान सुक्दै गएका छन् , त्यसैले यसपालि अलि चाँडै धारामा पानी घटेको हो" बर्दिबास साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष भुलनबहादुर सेन भन्नुहुन्छ, "तर हाहाकारकै स्थिति चाहिँ बनेको हैन ।"बर्दिवास नगर क्षेत्रका बिजलपुरा, भेडियारीटोल र मेघरोलसहितका केही बस्तीमा खानेपानीको स्रोत चापाकल, पशुपतिनगर, बिजलपुरा, प्रेमनगर, किसाननगर र हाथीलेटका केही बस्तीमा इनार प्रयोग हुँदै आएका छन् । अहिले धमाधम चापाकल सुक्दैछन् भने इनारमा पानीको सतह निकै गहिरिएको छ ।

त्यसैगरी भङ्गाहा र गौशाला नगरक्षेत्रका दक्षिणी भेगमा खानेपानीका स्रोत इनार र चापाकल रहँदै आएका छन् । यहाँका चापाकल र इनार पनि सुक्दै गएका गौशाला-९ भरतपुरका शिवशरण राय बताउनुहुन्छ । "चापाकल धमाधम सुक्दैछन्" आफ्नो आँगनको चापाकल देखाउँदै रायले भन्नुभयो, "अब यसपालि पछिपछि पानी ओसार्न बयलगाडा जोत्नु पर्लाजस्तो छ ।" यता पानी पाइन छाडेपछि बयलगाडा जोतेर टाढाटाढाबाट ड्रममा पानी ओसार्ने पुरानै चलन हो ।

भङ्गाहाका दक्षिणी भेगका बस्तीमा अहिले नै पानीको हाहाकार नपरे पनि वडानम्बर-४ र ५ का १० भन्दा बढी बस्तीमा पानीको सङ्कट चुलिदै छ । वडानम्बर-४ का प्रेमनगर, रामनगर, टोका, पलार र वडानम्बर-५ का धतियाटोल, राजपुर, भूचक्रपुर, कुम्हालटोल र चौधरीटोलमा चापाकल कुनै कामलाग्ने स्थितिमा नरहेका धतियाटोलका सामाजिक कार्यकर्ता सुपतलाल यादव बताउनुहुन्छ। "अब यी बस्तीमा चापाकल फेल (असफल) भयो, अहिलेलाई इनारले बचाइ राखेको छ" यादव भन्नुहुन्छ, "इनारमा पनि माथिबाट हेर्दा पानी देखिन छाडेको छ ।" यसैगरी रामनगर, प्रेमनगर र टोकाटोलका चापाकल यसअघि नै कवाडी बनेका स्थानीय बताउँछन् ।

भङ्गाहा नगर क्षेत्रका ४ र ५ नम्वर वडा बस्तीहरुमा बर्सेनि गर्मी याममा खानेपानीको सङ्कट पर्दै आएको छ । "लगभग दुई दशकअघि होला, १५/१६ हातभन्दा बढी इनार खन्न सकिदैनथ्यो, पानीको मूल भेटिन्थ्यो, अब ती पुराना इनार सबै सुके" भङ्गाहा-४ रामनगरका ५८ वर्षीय गङ्गाराम महतो भन्नुहुन्छ, "अब त ६० हात नपुऱ्याइ पानी भेटिदैन, किन यस्तो भएको होला ?"

यसैगरी चुरे पहाडी बस्तीमा पनि खानेपानीको समस्या बढेको छ । जरुवा पानीका मुहान सुक्दै गएपछि समस्या बढेको काछबासी बताउँछन् । चुरे पाहाडि काछमा बर्दिबास नगरपालिका-३, ४, ५, १० र ११ नम्वर वडामा ४० भन्दा बढी बस्ती छन् । पाखा बस्तीका सबैको गर्मीयाममा खानेपानी सङ्कट झेल्नु समान पीडा बनेको छ। "पहिलेपहिले यहाँका खोल्सी र जरुवा कहिल्यै सुक्दैनथे, सधैं सदाबहार पानी चल्थ्यो" बर्दिबास-४ माइस्थान शिरका ७० वर्षीय रामबहादुर राना भन्नुहुन्छ, "पछिल्ला केही दशकयता नदी, पाखा र बगर पर्ति जग्गामा बालु ढुङ्गा झिक्न ठूलठूला यन्त्र चल्न थालेपछि अनुकूल वर्षा हुन छाडेर पानीका मुहान सुकेका जान्ने बुझ्ने बताउँछन् ।" वन उजाडिदै जानु र अवैध उत्खनन् नियन्त्रण हुन नसक्दा पानीका मुहान सुक्ने गरेका विज्ञहरुको भनाइप्रति आफू सहमत रहेको राना बताउनुहुन्छ ।

त्यसैगरी खानेपानीको स्रोत इनारमात्र भएका बर्दिबास-८ को हाथीलेटमा पर्ने विजयबस्तीमा इनारको पानी सुक्दै गएपछि त्यहाँका बासिन्दा समस्यामा परेका छन् । यसबाहेक हाथीलेट बस्तीमा पनि खानेपानीका धारामा पानी निकै कम झर्न थालेको स्थानीय बासिन्दा भोला श्रेष्ठ बताउनुहुन्छ । यस्तै गौशाला नगरपालिकाका बेलगाछी, भरतपुर, लक्ष्मीनिंया र रामनगरमा धमाधम इनार सुक्न थालेपछि चैत सकिनअघि नै खानेपानीको सङ्कट बढेको छ ।

खानेपानीका स्रोतका मुहानसँगै बस्तीबस्तीका सार्वजनिक पोखरी र डबरी (साना पोखरी) सबैजसो सुकेपछि बस्तुभाउको नुवाइधुवाइ र पानीघाटको सुविधा पाइन छाडेको छ । इनारको पानीबाहेक सिचाइको अरु सुविधा नहुँदा आफूहरुको बालीनालीसमेत सुक्न थालेपछि जीवन गुजारासमेत सङ्कटमा परेको भङ्गाहा-४ रामनगर बस्तीकै किसान चन्देश्वर राय दनुवार बताउनुहुन्छ । जिल्लाका गाउँ नगर बस्तीमा अचेल २०३० सालयता पहिलेका वन मासेर रोपिएका इक्युलिप्टिस (मसला, सपेता) ले पनि पानीको मुहान सुकाउँदै लगेको सर्वसाधारणको अड्कल छ । मसला सघन रोपिएका क्षेत्रमा त्यसअघि रहेका सदाबहार भूल (जरुवा) सबै सुकेका बर्दिबास-८ हाथीलेटका शेरबहादुर तामाङ बताउनुहुन्छ ।

यसपालि हिउँदे वर्षा राम्ररी नभएको, यसै चैतको दोस्रो साताको क्षणिक वर्षाले पानीका मुहान रसाउन नसकेका र नदी क्षेत्रमा बालुढुङ्गा उत्खनन् गर्नेहरुले ठूल्ठूला गहिरा खाल्डा बनाउँदा पानीको सङ्कट बढेको हो । यसैगरी चुरे क्षेत्रका जलाधार क्षेत्र धमाधम पुरिदै जाँदा इनार र चापाकलमा पानीको सतह गहिरिदै गएर चैत नसकिदै पानीको सङ्कट बढेको विज्ञ बताउँछन् । "हामी प्राकृतिक सम्पदाको उपयोग र संरक्षणको कुरामा धेरै लापर्वाह भयौं" महोत्तरीमा वर्षौंदेखि जलाधार क्षेत्र र चुरे संरक्षण अभियानमा जोडिदै आउनुभएका सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबासका अध्यक्ष नागदेव यादव भन्नुहुन्छ, "नदीहरुको अनियन्त्रित दोहन रोक्न, चुरे क्षेत्र र यहाँका जलाधार क्षेत्रको संरक्षण गर्न नसक्ने हो भने दिनदिनै यो सङ्कट झनझन बढ्दै जानेछ ।"

विसं २०७४ यता स्थानीयतहमा जनप्रतिनिधिहरुले काम गर्न थालेपछि खानेपानीका थुप्रै योजना बनेर धमाधम इनार खनिएपनि खानेपानीको समस्या भने झन्झन् बढ्दै गएको छ । इनार धमाधम खनिए पनि खानेपानीका स्रोत र मुहानको संरक्षण हुन नसक्दा नयाँ खनिएका इनार चाँडै सुक्ने गरेका भङ्गाहा-७ मेघरोलका बासिन्दा चुरेविज्ञ डा. विजयकुमार सिंह बताउनुहुन्छ। चुरे क्षेत्रका खोल्साखोल्सी, वन क्षेत्र, नदी, सिमसार क्षेत्र र पोखरी (तलाउ) पानीका मुख्य स्रोत भएका र खनिने इनारमा पनि यिनै स्रोतको प्रभाव हुने भएकाले यिनको संरक्षण एबम् उपयोग नीति नबनेसम्म पानीको हाहाकार नटुङ्गिने डा. सिंह ठोकुवा गर्नुहुन्छ । विगतमा राष्ट्रपति चुरे मधेश संरक्षण तथा विकास समितिमा आबद्ध रहनु भएका डा. सिंहले यस भेगका सबै स्थानीय तहको नेतृत्वलाई प्राकृतिक सम्पदाको उपयोग र संरक्षण नीति स्पष्ट बनाउन अपिल गर्दै आउनु भएको छ ।

पछिल्ला केही वर्षयता जिल्लाका बाँके, मरहा, जङ्गा, भब्सी, रातु, बडहरीसहितका नदीबाट बालु, ढुङ्गा अनियन्त्रित तरिकाले खन्ने, चुरे पाहाडको दोहन र वन विनास बढेसँगै जलाधार क्षेत्र संरक्षण नगरिदा पानीका मुहान चाँडै सुक्न थालेका विज्ञहरुको भनाइ स्थानीय तहले भने बेवास्ता गरेका सर्वसाधारणको गुनासो छ। यता स्थानीय तहका प्रतिनिधिले प्राकृतिक सम्पदाको संरक्षण र उपयोग नीतिको स्पष्ट खाका बनाउन बेखबर नभएको बताएका छन् । "हामी नदीनाला, नदीउकास जग्गा र अन्य प्राकृतिक सम्पदाको संरक्षण र तिनको दीर्घकालीन उपयोगका नीति कसरी बनाउँदा राम्रो हुन्छ भन्ने सघन छलफल गरी रहेका छौं" भङ्गाहा नगरपालिकाका प्रमुख सञ्जिवकुमार साह भन्नुहुन्छ, "विकास निर्माणका योजना र पूर्वाधार विकासका योजना छनौट गरिदा र कार्यान्वयमा लगिदा प्राकृतिक सम्पदाहरुको संरक्षणलाई ध्यान दिएका छौं, यस्ता विषयमा पर्याप्त गम्भीरता अपनाइएको छ ।" स्थानीय तहका प्रतिनिधिले प्राकृतिक सम्पदाको संरक्षणमा पर्याप्त ध्यान दिइएको र पानीका समस्या समाधान हुने बताउँदै आए पनि प्राकृतिक सम्पदाको उपयोग नीति स्पष्ट नपारेसम्म समस्या समाधान हुन नसक्ने चुरे, जलाधार तथा वन विज्ञहरुको मत पाइन्छ ।

# कति वन्यजन्तुमैत्री छन्, निकुञ्ज क्षेत्रका पूर्वाधार

**भीष्मराज ओझा**

सामान्यतः वन्यजन्तुबाट हुने क्षतिका बारेमा बढी चर्चा हुने गरेको छ। तर मानवीय क्रियाकलापकै कारण बर्सेनि ठूलोमात्रामा हुने वन्यजन्तुको क्षतिबारे भने कम चर्चा हुन्छ । वन्यजन्तुबाट मानवीय क्षति, घरपालुवा जनावर, घरगोठ र कृषिबाली नष्ट हुने गरेको छ । त्यस्तै माननीय क्रियाकलापका साथै चोरी सिकार, पूर्वाधार निर्माण र सडक दुर्घटना परेर वन्यजन्तुको क्षति हुन्छ।

आर्थिक वर्ष २०७९/८० मा मात्र २० वटा संरक्षित क्षेत्रहरुमा विभिन्न ४७ किसिमका ५५८ वटा वन्यजन्तु र जिवको मृत्यु भएको थियो । त्यसमध्ये प्राकृतिक कारणले १८७, सडक दुर्घटनाबाट १४१, चोरी शिकारबाट १४, करेन्ट लागेर १०, नहरमा डुबेर २०, तारजालीमा परेर १४, कुकुरको आक्रमणबाट ११३, पासो/जालमा परेर पाँच, कारण नखुलेको २९ र अन्य कारणले २५ वन्यजन्तुको मृत्यु भएको थियो ।

यसरी मृत्यु भएका वन्यजन्तुमा गैंडा, बाघ, हात्ती, अर्ना, गौरी गाई, हिउँ चितुवा, कृष्णसार, चरी बाघ, चौका, चित्तल, रतुवा, निलगाईलगायत छन् । तराईका संरक्षित क्षेत्रहरुमा मृत्यु हुने वन्यजन्तुको संख्या बढ्दो छ भने पहाड तथा हिमाली क्षेत्रमा यो संख्या तुलनात्मक रुपले कम देखिन्छ। सबैभन्दा बढी वन्यजन्तुको मृत्यु चितवन राष्ट्रिय निकुञ्जमा ११८ र सबैभन्दा कम मकालु बरुण र खप्तड राष्ट्रिय निकुञ्जमा एक/एक भएको थियो।

विश्व सम्पदा सूचीमा रहेको चितवन राष्ट्रिय निकुञ्ज र आसपास क्षेत्रमा पछिल्लोपटक पूर्वाधार विकासका कार्य तीब्र रुपमा बढेका छन्। यसै सन्दर्भमा वन्यजन्तुमैत्री पूर्वाधार निर्माणका विभिन्न मोडेलबारे बहस भएका छन् । कतिपय स्थानमा त्यस्ता निर्माणको सुरुआत समेत भएको छ। नारायणगढ-मुग्लिन सडक खण्डमा रहेको जलदेवी सामुदायिक वनअन्तर्गत आपटारीमा पर्ने पुलमुनि वन्यजन्तुको आहोरदोहोरका लागि बनाइएको 'अन्डरपास' प्रभावकारी देखिएको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका प्रवक्ता उमेशविन्दु श्रेष्ठका अनुसार सरकारले संरक्षण क्षेत्रमा 'वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका, २०७८' अनुसार नै पूर्वाधार निर्माण गरिरहेको छ । उहाँ भन्नुहुन्छ, "नारायणगढ-हेटौडा-पथलैया सडक खण्ड विस्तार गर्ने योजनामा पनि निकुञ्ज र मध्यवर्ती क्षेत्रमा वन्यजन्तुमैत्री पूर्वाधार डिजाइन गर्ने काम सुरु भएको छ । दुई स्थानमा दुई/दुई किलोमिटर लामो सवारी साधनका लागि 'फ्लाईओभर' सडकको प्रस्ताव गरिएको छ ।" जैविक मार्गमा निर्माण हुने यस्ता 'फ्लाईओभर' सडकबाट वन्यजन्तुलाई ओहोरदोहोर गर्न सहज हुन्छ।

वन्यजन्तुमैत्री पूर्वाधार निर्माण गर्न तुलनात्मक निकै खर्चिलो छ। तैपनि जैविक विविधता र वन्यजन्तुको बासस्थान संरक्षण गर्न आवश्यक स्थानमा आर्थिक अवस्थाले धान्न सक्ने जति वन्यजन्तुमैत्री पूर्वाधार बनाउन लागिएको उहाँको भनाइ छ । "हाल निर्माणाधीन नारायणगढ-बुटवल सडक खण्डमा समेत जैविक मार्ग पर्ने विभिन्न १३ स्थानमा पुल कल्भर्टलाई केही माथि उठाएर वन्यजन्तुलाई आवतजावत गर्न मिल्ने गरी 'अन्डरपास' बनाउने काम भइरहेको छ" प्रवक्ता श्रेष्ठ भन्नुहुन्छ।

वन्यजन्तुको आवतजावतलाई सुरक्षित तुल्याई वन्यजन्तु दुर्घटना कम गर्न तथा मानव र वन्यजन्तु बीचको द्वन्द्व न्यूनिकरण गर्न वन्यजन्तुको बासस्थान र हिँडडुलका क्षेत्रमा निर्माण हुने रेखात्मक प्रकृतिका पूर्वाधार संरचनालाई वन्यजन्तुमैत्री बनाउन उक्त निर्देशिका बनाईएको हो । निर्देशिकामा राष्ट्रिय निकुन्ज, आरक्ष, जैविक मार्ग वा रामसार सूचिमा सुचीकृत सिमसार क्षेत्रलाई अति संवेदनशील क्षेत्र भनी परिभाषित गरिएको छ। यस्तो क्षेत्रमा पर्ने सडक, रेलमार्ग, नहर, नदी नियन्त्रणसम्बन्धी बाँध, तटबन्ध, ग्यास तथा तेलका पाइप लाइन, विद्युत् आयोजनाका बाँधलगायत पूर्वाधार निर्माण गर्दा निर्देशिका लागू गर्नुपर्ने प्रावधान छ।

विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपालका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरुङ वन्यजन्तुमैत्री पूर्वाधार निर्माणमा सरकारले लागू गरेको नीति सकारात्मक प्रयत्न भएको बताउनुहुन्छ। युएसआइडीको सहयोगमा डब्लुडब्लुएफ नेपालले पनि यस सम्बन्धमा काम गरिरहेको छ। "वन्यजन्तुमैत्री पूर्वाधार निर्माण वन्यजन्तुका लागि मात्र होइन, यो त मानिस र घरपालुवा जनावरको सुरक्षाका लागि पनि हो", उहाँ भन्नुहुन्छ, "मानिसले गर्ने यातायातको सुरक्षाका लागि पनि यस्ता पूर्वाधार आवश्यक छन् ।"

### वन्यजन्तुमैत्री पूर्वाधार भविष्यमा सस्तो हुन जान्छ

विश्वलगायत छिमेकी मुलुक भारतमा पनि यस्ता धेरै वन्यजन्तुमैत्री पूर्वाधार निर्माण भइसकेका छन् । नेपालले भर्खरै सुरु गर्न लागेकाले त्यस्ता अनुभवबाट नेपालले लाभ लिन सक्ने राष्ट्रिय प्रतिनिधि डा गुरुङको भनाइ छ। वन्यजन्तुमैत्री पूर्वाधार निर्माण सुरुमा अलिकती महङ्गो देखिए पनि वन्यजन्तु र संरक्षण क्षेत्रको दिगो व्यवस्थापनले भविष्यमा सस्तो हुन जान्छ। बाघ, गैंडा हात्तीजस्ता वन्यजन्तु विश्वकै सम्पत्ती भएकाले यसमा लाग्ने थप खर्च दातृ निकायबाट अनुदानका रुपमा पनि लिन सकिन्छ।

भायडक्ट, पुल, फ्लाइओभर, कल्भर्ट वा यस्तै प्रकृतिका पूर्वाधारको मुनिबाट वन्यजन्तु आवतजावत गर्न सक्ने अण्डसपास संरचना बनाउन सकिन्छ । त्यस्तै भिलेज रोड ब्रीज, इको ब्रीज, क्यानोपी ब्रीज वा यस्तै प्रकृतिका पूर्वाधारको माथिबाट वन्यजन्तु आवतजावत गर्ने ओभरपास संरचना बनाउनुपर्ने निर्देशिकामा उल्लेख छ ।नेपालमा रहेका ११८ किसिमका पारिस्थितीय प्रणालीहरुमध्ये हालसम्म ८० किसिमका पारिस्थितीय प्रणालीहरु संरक्षित क्षेत्रभित्र पर्दछन् । यी पारिस्थितीय प्रणालीहरुको संरक्षण तथा व्यवस्थापन गर्ने उद्देश्यले १२ राष्ट्रिय निकुञ्ज, एक वन्यजन्तु आरक्ष, एक शिकार आरक्ष, छ संरक्षण क्षेत्र र १३ मध्यवर्ती क्षेत्र घोषणा भई संरक्षण तथा व्यवस्थापकीय कार्यहरु सञ्चालन हुँदै आएका छन्।

चितवन राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख डिलबहादुर पुर्जा पुन पनि पूर्वाधारमैत्री निर्माणबाट मात्र जैविक विविधताको दिगो संरक्षण गर्न सकिनेमा जोड दिनुहुन्छ । उहाँका अनुसार पूर्वपश्चिम राजमार्गको स्तरोन्नति गर्न निकुञ्जको टिकौलीमा पर्ने सडक खण्डमा वन्यजन्तु ओहोरदोहोर गर्नका लागि दुई किमी लामो 'फ्लाईओभर' राख्ने सहमति भएको छ।

टिकौली र बरण्डाभारलगायत क्षेत्र मुलुककै लाइफ लाइन सडकखण्ड पनि हो । यस क्षेत्रमा भारतको बाल्मिकी निकुञ्जदेखि महाभारतसम्म जोड्ने जैविक मार्ग करिडोर पनि पर्छ," प्रमुख पुन भन्नुहुन्छ, "यस खण्डको विकासलाई पनि रोक्न सकिदैन । जैविक विविधताको संरक्षणका लागि करिडोर जोगाउन वन्यजन्तुमैत्री पूर्वाधार निर्माण पनि अपरिहार्य छ ।" यसले गर्दा वन्यजन्तुको निरन्तर ओहोरदोहोर हुने र यातायातका साधन पनि २४सै घण्टा निर्वाध सञ्चालन गर्न सकिन्छ।

चितवन निकुञ्ज क्षेत्रमा पर्ने हुलाकी राजमार्गका सन्दर्भमा पनि कसरादेखि बनकट्टा क्षेत्रमा पर्ने ध्रुवा पोष्ट छेउबाट पनि यस्तै करिब दुई किमी लामो 'फ्लाईओभर' बनाउन सके जैविक विविधतालाई कम असर पर्ने आफूले सुझाव दिएको उहाँ बताउँनुहुन्छ ।नेपालले जैविक विविधता संरक्षणको क्षेत्रमा अवलम्बन गरेको विभिन्न नीति तथा योजना अन्तर्राष्ट्रिय मञ्चहरुमा उच्च प्रशंसा हुँदै आएको छ। त्यसका बाबजुद जैविक विविधता संरक्षणमा केही चुनौतीको सामना गर्नु परिरहेको छ। निकुञ्ज वरपर बढ्दो जनघनत्व र प्राकृतिक स्रोत माथिको निर्भरता, वातावरणीय व्यवस्थापन योजना विनाका विकास निर्माण, जलवायु परिवर्तनको प्रभाव, मानव वन्यजन्तु द्वन्द्व तथा अव्यवस्थित भू-उपयोगका कारण संरक्षित क्षेत्रमा पर्न गएको असर मुख्य चुनौती हुन् ।

निकुञ्जको मृगकुञ्ज मध्यवर्ती उपभोक्ता समितिका निवर्तमान अध्यक्ष वासु ढुङ्गाना संरक्षण क्षेत्रमा वन्यजन्तुमैत्री पूर्वाधार नबनाउँदा संरक्षणका लागि प्रत्युपादक हुने गरेको बताउँनुहुन्छ । जैविक विविधतामा असर पर्छ भनेर हाम्रो जस्तो विकासोन्मुख मुलुकले विकास निर्माणका काम रोक्नु पनि हुदैन, तर जैविक विविधताको संरक्षणलाई नजरअन्दाज पनि गर्नुहुँदैन, उहाँ भन्नुहुन्छ, "वन्यजन्तुको ओहोरदोहोरका लागि 'अन्डरपास' र 'ओभरपास' आवश्यकताअनुसार बनाएर निर्माणको काम गर्नुपर्छ।"

### क्षति न्यून गर्न वन्यजन्तुमैत्री पूर्वाधार आवश्यक

संरक्षित क्षेत्रका राजमार्ग, सडक वा अन्य स्थानमा मानव र वन्यजन्तुबीचको द्वन्द्वबाट हुने क्षति न्यूनीकरण गर्न वन्यजन्तुमैत्री पूर्वाधार आवश्यक पर्ने एक अध्ययनले समेत देखाएको छ । रेखीय वा लामो प्रकृतिको पूर्वाधार (सडक, सिँचाइ, प्रसारणलाइन, रेलका लिङ्कलगायत) निर्माण गर्दा अपनाउनुपर्ने सावधानी र वातावरणीय पक्षप्रति ख्याल नगर्दा मानव-वन्यजन्तु द्वन्द्वका घटना बढेका छन् । यस्ता दुर्घटनाबाट जैविक विविधता संरक्षणमा गरेको खर्च खेर जाने र संरक्षणमा प्राप्त उपलब्धि मासिने देखिएको छ।

नेपाल वातावरण पत्रकार समूह (नेफेज)ले केही समयअघि यस विषयमा सरोकारवाला निकायको ध्यानाकर्षण गराउने उद्देश्यले स्थलगत अध्ययन गरेको थियो । तराईका बारादेखि कैलालीबीचका सबै जिल्लाको स्थलगत अध्ययन गरेर प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनमा तराईका जिल्लामा भइरहेका भौतिक पूर्वाधारको अवस्था, प्रभावित क्षेत्र, पूर्वाधार निर्माणका सकारात्मक तथा नकारात्मक पक्ष, वन्यजन्तुमैत्री निर्माणका आधार, निर्माणका क्रममा सम्बोधन गर्नुपर्ने विषय तथा क्षेत्रलाई समेटिएको छ।


अध्ययनमा पूर्व पश्चिम सडक विस्तार, हुलाकी मार्ग, सिँचाइ आयोजना (सिक्टा र रानीजमरा-कुलेरिया), मोतीहारी-अमलेखगञ्ज पाइपलाइन, चुरेमा निर्माणाधीन मदन भण्डारी राजमार्ग, ललितपुर-निजगढ फास्ट ट्र्याक, प्रस्तावित निजगढ विमानस्थललगायतका निर्माण आयोजनाहरुलाई समेटिएको छ। वन्यजन्तुमैत्री पूर्वाधार निर्माणका केही काम भए पनि ती पर्याप्त नभएको र हाल निर्माण भएकाभन्दा अझ स्तरीय र प्रभावकारी निर्माण आवश्यक देखिएको प्रतिवेदनको निष्कर्ष छ।

वन्यजन्तु सजिलै र स्वतन्त्ररूपमा ओहोरदोहोर गर्नसक्ने खालका पूर्वाधार निर्माण गर्नुपर्ने, भौतिक पूर्वाधार निर्माण गर्नुपूर्व जैविक मार्ग, वन्यजन्तुको वासस्थान र संवेदनशील अवस्थामा रहेका 'बोटलनेक' (वन्यजन्तु ओहोरदोहोर गर्ने साँघुरो जैविक क्षेत्र) को नक्सा तयार गर्नुपर्ने प्रतिवेदनमा सुझाव दिइएको छ।

# 'आर्थिक समृद्धि र समाजवादको आधार तयार गर्नेगरी बजेट ल्याउने'

**टुडे समाचारदाता**

विराटनगर । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले देशको आर्थिक समृद्धि र समाजवादको आधार तयार गर्नेगरी बजेट ल्याउने बताएका छन् ।



नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), प्रदेश केन्द्रीय सदस्य र प्रदेश पदाधिकारीको संयुक्त बैठकलाई विहिबार सम्बोधन गर्दै पार्टी अध्यक्ष एवं प्रधानमन्त्री दाहालले देशको आर्थिक समृद्धि र समाजवादको आधार तयार गर्नेगरी बजेट ल्याउने बताएका हुन् । उनले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा पूर्वलाई प्राथमिकतामा राखिने बताउदै सरकारले जनताका पक्षमा महत्वपूर्ण पहल लिएको र आगामी नीति तथा कार्यक्रम र बजेट उत्पादनमुखी एवं रोजगारी सिर्जना गर्नेगरी ल्याइने स्पष्ट पारेका थिए ।

सरकारले गरेका सकारात्मक कार्यबाट जनतामा आशा जागेको उल्लेख गर्दै अध्यक्ष दाहालले सुशासन र सामाजिक न्यायका सन्दर्भमा सरकारले गरेका सकारात्मक काम जनतासमक्ष पुर्‍याउनुपर्नेमा जोड दिए ।

आगामी दिनमा माओवादी आन्दोलनमा सहभागी एकताबद्ध हुने विश्वास व्यक्त गर्दै अध्यक्ष दाहालले भने, "माओवादी आन्दोलनका सहभागीहरू सबै एकताबद्ध हुनुपर्छ ।

समाजवादी मोर्चामा सहभागी साथीहरू चाँडै एकताबद्ध हुनुपर्छ भन्नेमा हुनुहुन्छ । बाँकी साथीहरू पनि एकताको विकल्प छैन भन्नेमा पुग्नुभएको छ । हामी सबै एक ठाउँमा हुन्छौँ, हुनेछौँ ।"

माओवादी आन्दोलनबाट प्राप्त उपलब्धिलाई रक्षा गर्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्री दाहालले सङ्घीयता, समावेशीता एवं धर्मनिरपेक्षताजस्ता उपलब्धिलाई उल्ट्याउने प्रयास भइरहेकाले त्यसतर्फ सचेत हुन आग्रह गरेका थिए ।

उनले सङ्घीय निजामती ऐन पारित गर्ने चरणमा रहेको र सङ्घीय प्रहरी ऐन बनेको एवं प्रदेश प्रहरी ऐन कार्यान्वयनको चरणमा रहेको जानकारी दिए ।

# उपराष्ट्रपति यादवद्वारा इद पर्वको शुभकामना

**उपराष्ट्रपति यादवले सन्देशमा विविधतामा एकता हाम्रो मौलिक पहिचान र विशेषता हो भन्दै देशमा मनाइने यी र यस्ता पर्वले समुदाय, समाजमा भ्रातृत्व, मेलमिलाप तथा अपनत्वभावलाई प्रोत्साहन गर्दै यहाँको मौलिक संस्कृति र परम्पराको संरक्षण एवं विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरेका छन् ।**

**टुडे समाचारदाता**

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवले इस्लाम धर्मावलम्बीहरूको पर्व 'इद-उल-फित्र' को शुभकामना दिएका छन् । उनले यस अवसरमा देश- विदेशमा रहेका सम्पूर्ण इस्लाम धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइमा सुख, सुस्वास्थ्य, शान्ति एवं समृद्धिको कामना गरेका हुन् ।

इदका अवसरमा जारी गरेको शुभकामना सन्देशमा उहाँले नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा बहुधार्मिक मुलुकमा यस्ता पर्वले आपसी एकता एवं सद्भाव बढाउने बताएका छन् ।



उपराष्ट्रपति यादवले सन्देशमा विविधतामा एकता हाम्रो मौलिक पहिचान र विशेषता हो भन्दै देशमा मनाइने यी र यस्ता पर्वले समुदाय, समाजमा भ्रातृत्व, मेलमिलाप तथा अपनत्वभावलाई प्रोत्साहन गर्दै यहाँको मौलिक संस्कृति र परम्पराको संरक्षण एवं विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरेका छन् ।

खुसी, भ्रातृत्व, सद्भाव, मेलमिलाप, सामूहिकतामा एकता र क्षमाको प्रतीकका रुपमा रहेको इद-उल-फित्रले सबैलाई एकापसमा मिलेर बस्न सन्देश दिएको बताउँदै उनले गरिब र सहयोगको आवश्यकता रहेकालाई मद्दत गर्न उत्प्रेरित गर्ने तथा जीवनमा आशा र विश्वासको सन्देश दिँदै सत्यनिष्ठ, कर्मनिष्ठ र कर्तव्यनिष्ठ बन्न सिकाउने सन्देशमा उल्लेख गरेका छन् ।

"इद-उल-फित्रले राष्ट्रिय एकता र सांस्कृतिक ऐक्यबद्धताको भावना सबल र सुदृढ गर्दै सभ्य, शान्त, समुन्नत समाज निर्माणमा प्रेरणा प्रदान गर्न सकोस् । लोकतन्त्र, सामाजिक न्याय, स्वाधीनता, राष्ट्रिय अखण्डता र राष्ट्रियतालाई थप बलियो बनाउन यो पर्वले प्रेरित गर्ने विश्वासका साथ पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु", सन्देशमा उनले भनेका छन् ।

इस्लाम धर्मावलम्बीहरुले सूर्योदयदेखि सूर्य अस्ताएसम्म लगातार एक महिनाका दिनमा निर्जल उपवास पूरा भएको भोलिपल्ट यो पर्व धुमधामका साथ मनाउँछन् । रमजानलाई अल्लाहको रहमत महिनाको रुपमा पनि चिनिन्छ । रमजान पवित्र महिनामा मुस्लिम समुदायले आत्म-संयमको पालना गर्दै रोजा बस्ने र अल्लाहको इबादत गर्ने परम्परा छ । रमजानमा मुस्लिम समुदाय मन र शरीरका लागि अशुद्ध मानिएका वस्तुहरुबाट टाढा बस्ने दृढ प्रयास गर्छन् ।

नयाँ-नयाँ कपडा लगाउने, नमाज पढ्ने, एक अर्कासँग गला मिलाउँदै बधाई, शुभकामना र उपहार साटासाट गरी मनाइने 'इद-उल-फित्र' का दिन विशेष परिकार बनाएर खाने र खुवाउने चलन छ । इदको चन्द्रमा हेरेर सबैलाई 'चाँद मुबारक' वा 'इद मुबारक' भन्ने रीति छ । साथै मानिसहरु आफ्नो श्रद्धाअनुसार कमाएको रकममध्ये केही हिस्सा दान दिने चलन पनि छ ।

# प्रमुख शक्तिहरू उपलब्धिको रक्षा गर्न एकढिक्का हुनेमा विश्वस्त छौँ : विमला सुवेदी

काठमाण्डु । पछिल्लो समय देशमा राजनीतिक उतारचढावसँगै सरकार परिवर्तन पनि चाँडचाँडै भइरहेको छ । सरकारको फेरबदलले कानुन निर्माणमा केही गतिरोध उत्पन्न भइरहेको अनुभव हामी सबैले गरेका छौँ । जुन गतिमा कानुन निर्माणको काम हुनुपर्थ्यो त्यो हुन सकिरहेको छैन । म सभापति रहेको कानुन तथा मानवअधिकार समितिमा यसबीचमा तीन वटा विधेयक आएका थिए । त्यसमध्ये राष्ट्रिय एवं अन्तर्राष्ट्रिय महत्वको सम्पत्ति शुद्धीकरणसम्बन्धी विधेयकमा गम्भीर छलफल गरी पारित गरियो । सङ्क्रमणकालीन न्यायसँग जोडिएको सत्य निरुपण तथा मेलमिलापसम्बन्धी(टिआरसी) विधेयक हो । त्यसमा पनि उपसमिति बनाएर लामो समय काम गरियो । अहिले त्यो अन्तिम चरणमा पुगेको छ । केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयकमाथि समितिमा छलफल भइरहेको छ । अन्य संसदीय समितिले पनि आफ्नो क्षेत्राधिकारका कानुन र विषयवस्तुलाई निष्कर्षमा पुर्‍याउन हरसम्भव प्रयास गरिहेका छन् भन्ने लागेको छ ।

सङ्घीय सांसदको मूल कर्तव्य कानुन निर्माण हो । विधायिकी भूमिका नै पहिलो र महत्वपूर्ण हो । सांसदको भूमिका कानुन निर्माण गर्ने भएपनि त्यसैमा मात्रै सीमित नभई विकास-निर्माणमा पनि हुनुपर्छ भन्ने जनताको बुझाइ छ । जनप्रतिनिधिका हैसियतले सांसदसँग समाजले कुलो, बाटो, विद्युत्, सिँचाइ, विद्यालय, स्वास्थ्यचौकी, खानेपानीका योजनाको अपेक्षा गरेको हुन्छ । सांसदहरू विभिन्न काममा अल्झिनु परेकाले कहिलेकाहीँ सदन र समितिका बैठक सञ्चालनका लागि न्यूनतम उपस्थिति सङ्ख्या (कोरम) नपुग्ने समस्या पनि देखिएको छ । विधायकहरू विकास निर्माणका फाइल च्यापेर मन्त्रालयका कोठा-चोटा दौडिरहेको अवस्था छ । विगतको तुलनामा बुझाइमा सुधार भइरहेको छ, यसमा स्वयम् र जनताले पनि कसको भूमिका के भन्ने स्पष्ट हुनुपर्छ ।

मुलुकमा राजनीतिक परिवर्तन र संविधानसभाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी गर्ने विषयमा दलहरूबीच अभूतपूर्व एकता र सहमति कायम भयो । त्यसअघि जनआन्दोलनलाई सफल तुल्याउन र द्वन्द्वको अवस्थालाई अन्त्य गर्न प्रमुख दलहरूबीचको सहमति, सहकार्य र एकताको भूमिका निकै महत्वपूर्ण रह्यो । अहिले संविधानले व्यवस्था गरेका सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशी सिद्धान्तलाई संस्थागत गर्न पनि सबै शक्ति एकढिक्का भएर अघि बढ्नुपर्ने आवश्यकता छ ।

नेपाली जनताको सङ्घर्ष र बलिदानीबाट प्राप्त उपलब्धिलाई संस्थागत र परिस्कृत गर्दै लैजानु पर्ने बेलामा सरकार छिटोछिटो फेरबदल हुने कार्यले राजनीतिक अस्थिरता निम्तिने होकी भन्ने आम बुझाइ छ । यो अस्वभाविक होइन । तर मुलुक र जनतालाई अप्ठेरो र सङ्कट परेका बेला नेपालका राजनीतिक दल एउटै कित्तामा उभिन्छन् भन्ने पटकपटक पुष्टि भइसकेको छ । अहिले केही अदलबदल देखिए पनि प्रमुख शक्तिबीच राष्ट्रिय र जनहितका विषयमा दलहरूबीच मत भिन्नता होइन, एकता हुन्छ भन्नेमा विश्वस्त हुन सक्ने थुप्रै उदाहरण छन् ।

> "समाजमा भ्रष्टाचार महारोगका रुपमा देखा परेको छ । त्यसविरुद्धको प्रभावकारी अभियान सञ्चालन नगरी देशमा सुशासन कायम गर्न र सामाजिक न्याय प्राप्त हुन सक्दैन भन्ने कुरालाई आत्मसात गरेर मुलुकको अहिले सरकारको नेतृत्वबाट भ्रष्टाचार न्यूनीकरण र सुशासन कायम गर्ने सवालमा महत्वपूर्ण प्रयास र प्रयत्न भइरहेको छ । यो महत्वपूर्ण परिघटना हो ।



समाजमा भ्रष्टाचार महारोगका रुपमा देखा परेको छ । त्यसविरुद्धको प्रभावकारी अभियान सञ्चालन नगरी देशमा सुशासन कायम गर्न र सामाजिक न्याय प्राप्त हुन सक्दैन भन्ने कुरालाई आत्मसात गरेर मुलुकको अहिले सरकारको नेतृत्वबाट भ्रष्टाचार न्यूनीकरण र सुशासन कायम गर्ने सवालमा महत्वपूर्ण प्रयास र प्रयत्न भइरहेको छ । यो महत्वपूर्ण परिघटना हो । सुनकाण्डदेखि ललिता निवाससम्मका भ्रष्टाचारविरुद्ध अभियान सञ्चालन गरिएका छन् । सरकारको यो अभियानमा समाजका सबै तह र तप्काबाट सहयोग, समर्थन र प्रोत्साहन हुनुपर्छ । यस मामिलामा अहिले समाजमा सकारात्मक सन्देश प्रवाह भएकोजस्तो लाग्छ ।

नेपालको अहिलेको निर्वाचन प्रणाली निकै खर्चिलो भएकाले पूर्ण समानुपातिक हुनुपर्छ भनी नेकपा (माओवादी केन्द्र)ले विगतदेखि नै भन्दैआएको छ । त्यसमा जान सकियो भने निर्वाचन खर्च घटाउन र निष्ठाको राजनीतिलाई प्रवर्द्धन गर्न सहयोग पुग्छ । समाजमा भइरहेका घटनाको गहिराइमा गएर बुझ्ने र आत्मसात गर्ने भन्दा हल्काफुल्का ढङ्गबाट हेर्ने र प्रतिक्रिया दिइहाल्ने प्रवृत्तिले समाजमा एक खालको अराजकता निम्त्याएको छ ।

समाजमा एउटा तप्काले पुराना राजनीतिक दलले केही गरेनन्, यी सबै खराब हुन् भन्ने भाष्य खडा गर्ने कोसिस गरिरहेकोछ । मुलुकलाई जहानीयाँ, पञ्चायत र निरङ्कुश अधिनायकवादी शासन व्यवस्था अन्त्य गरी यहाँसम्म ल्याउन पुराना र ठूला दलबाट ठूलो बलिदानी र योगदान भएको छ । त्यो त्याग, बलिदान र समर्पणलाई पूर्णरुपमा बेवास्ता गर्न सकिन्न ।

आर्थिक, सामाजिक र पूर्वाधार विकासका दृष्टिले हिजो र आजको नेपाल समान छैन, धेरै परिवर्तन भएको छ । विगतको तुलनामा समाज जागरुक भएको छ । यसमा पुराना दलको योगदान छ । त्यसलाई बेवास्ता गर्ने प्रवृत्ति ठीक होइन । प्राकृतिक स्रोत साधनले भरिपूर्ण, उपयुक्त हावापानी, जमिन, जलस्रोत, कर्मशील जनशक्ति भएको सुन्दर हाम्रो देशलाई समृद्धिको मार्गमा अघि बढाउन हामीले मेहनत यहीँ गरे पुग्छ । जनतालाई अवसर प्रदान गर्न, मनोबल बढाउन, उत्प्रेरणा दिन हामी लागिपर्छौं । त्यसका लागि नेपाली दाजुभाइलाई हाम्रो सधैँ साथ, सहयोग र समर्थन रहने प्रतिबद्धता व्यक्त गर्दछु ।

# वनस्पतीको माध्यमबाट मुलुकको अर्थतन्त्र सुधार गर्न सकिने : वनमन्त्री साह

**टुडे समाचारदाता**

काठमाण्डु । वन तथा वातावरणमन्त्री नवलकिशोर साह सुडीले वनस्पतिका माध्यमबाट मुलुकको अर्थतन्त्र सुधार गर्न सकिने बताएका छन् ।



वनस्पति विभागको ६४औँ वार्षिकोत्सव तथा २५औँ वनस्पति दिवसका अवसरमा विहिबार आयोजित कार्यक्रममा मन्त्री साहले बनस्पतीको प्रवर्द्धनले गिर्दो अर्थतन्त्रको ग्राफलाई सुधार गर्न सकिने बताएका हुन् । 'स्थानीय समुन्नतिमा स्वस्थानीय वनस्पति' नाराका साथ सम्पन्न विभागको वार्षिकोत्सवमा मन्त्री साहले वनस्पति राज्यको अर्थतन्त्र सुधारको मेरुदण्ड रहेको भन्दै अब वनस्पतिका माध्यमबाट राज्यको अर्थतन्त्र सुधार गरी रोजगारी वृद्धि गर्न आवश्यक रहेको बताएका छन् । "सीमित स्रोतसाधनका बीचमा पनि वनस्पतिको अनुसन्धानका गतिविधि अगाडि बढाइएको छ", उनले भने, "अनुसन्धानको गतिविधिलाई अझै प्राथमिकता दिइ वनस्पतिको दिगो उपयोगमार्फत राज्यको अर्थतन्त्र सुधारमा योगदान बढाउनुपर्छ ।"

मन्त्रालयका सचिव डा दीपककुमार खरालले वनस्पतिबाट आर्थिक आयआर्जन बढाउनुपर्ने र रोजगारी सिर्जना गर्नुपर्नेमा जोड दिएका छन् । वनभित्रको जडीबुटीलाई औषधिका रुपमा प्रयोग बढाएर जडीबुटीका माध्यमबाट अर्थतन्त्र सुधारमा लाग्न आवश्यक रहेको उनको भनाइ थियो । कार्यक्रममा विभागका महानिर्देशक डा सञ्जिवकुमार राईले मानव स्रोत विकासमा पर्याप्त लगानीको आवश्यकता रहेकामा जोड दिएका छन् । वनस्पति विभागले स्थापनाकालदेखि नै वनस्पतिक स्रोतको पहिचान, सदुपयोग एवं प्रविधि विकास गरी आर्थिकरुपमा समृद्ध राष्ट्र निर्माणमा आफूलाई समर्पित गरेको छ ।

नेपालमा वनस्पतिक स्रोतको अध्ययन, अनुसन्धान तथा प्राध्यापनमा लामो समय समर्पित रही वनस्पतिक स्रोतको संरक्षण तथा विकासमा योगदान दिनुभएका प्राध्यापक डा लोकेश रत्न शाक्यलाई राष्ट्रिय वनस्पति पुरस्कारले सम्मानित गरिएको छ । यस वर्षको राष्ट्रिय वनस्पति दिवसको नारा 'स्थानीय समुन्नतिमा स्वस्थानीय वनस्पति' नामक शीर्षकमा गत वर्ष राष्ट्रिय वनस्पति पुरस्कार विसं २०७९ बाट सम्मानित प्राध्यापक डा निर्मला प्रधानले विशेष प्रवचन दिएका थिए ।

वनस्पति विभागअन्तर्गत राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला गोदावरीबाट प्रकाशित र प्राध्यापक डा शिवकुमार राई र सजिता ढकालबाट लिखित 'अलगल फ्लोरा अफ नेपाल भोलुम टु' नामक पुस्तक मन्त्रालयका सचिव डा दीपककुमार खरालबाट विमोचन गरियो ।


**Madhesh Province Government**

## Ministry of Industry, Commerce and Tourism

**Janakpurdham,Dhanusha , Nepal**

## Invitation for Electronic Bids

**Date of Publication: 2080/12/30 (12-04-2024)**

1. Ministry Industry, Commerce and Tourism, Madhesh Pradesh, Janakpurdham, Nepal (MoICT, Madhesh Province) invites electronic bid from eligible bidders for the following contract Goods under National Competitive Bidding Procedures.

| S. N. | Contract ID | Description of works | Location | Estimated Amount with VAT | Bid Security Amount (NRs.) | Bid validity period | Bid Security validity period | Fee for bid document (NRs.) | Last date of bid Submission | Bid Opening date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | MoICT/NCB/ Goods/ 01-2080-081 | Supply, Delivery and Installation of Tractor Driven Six Seater Mobile Toilet | Janakpurdham, Dhanusha, Nepal | 56,38,700.00 | 160,000.00 | 90 days | 120 days | 3,000.00 | 12-05-2024, 12:00 hrs | 12-05-2024, 13:00 hrs | Single Stage Single envelop |

2. Bidders may download the bidding documents and submit their bids electronically through e-procurement at www.bolpatra.gov.np/egp PPMO's portals specified in the bidding data sheet. Bidders should deposit the equivalent fee for bidding document in the respective Revenue Account Number: 1000100200010000, Rajashwa (Revenue) Heading No-14229, Office Code No. 3070017012 (of MoICT-Madhesh Province) in Rastriya Banijya Bank Ltd.
3. Bid must be accompanied by a Bank Guarantee issued by A Class Commercial Bank in Nepal drawn in favor of the MoICT, Madhesh Province, in the format supplied in the bid document or the form acceptable to the MoICT, Madhesh Province. If the Bidder wishes to submit bid security in the form of cash, the cash should be deposited in: Account Name: Pradesh Lekha Niyantrak Karyalay, Janakpurdham, Account Number: 1220100202030000, Bank Name: Rastiya Banijya Bank, Janakpurdham.
4. A Pre-bid Meeting shall be held at MoICT Madhesh Province on 26-04-2024 13:00 hrs. at the date and time Specified.
5. The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning reason whatsoever.

(Further detail regarding the notice of Invitation for Bids, interested bidders are requested to visit the notice board of MoICT, Madhesh Province, Janakpurdham)

# दक्षिण कोरियाको राष्ट्र्यसभाको निर्वाचनमा विपक्षी दल विजयी



**एएनआई**

सियोल । दक्षिण कोरियाको प्रमुख विपक्षी दल डेमोक्रेटिक पार्टी (डीपी) ले राष्ट्रियसभा चुनावमा बहुमत प्राप्त गरेको छ। डीपीले सत्तारुढ पिपुल पावर पार्टी (पिपिपी) लाई पछि पार्दै विजय हासिल गरेको हो । यस चुनावी नतिजाले पिपिपीका तर्फबाट राष्ट्रपति हुनुभएका युन सुक योललाई पनि समस्यामा पारेको छ।

निर्वाचनमा प्रत्यक्ष तर्फका दुई सय ५४ सिटमध्ये डिपीले एक सय ६१ सिटमा जित हासिल गरेको छ भने भने सत्तारुढ पिपिपीले ९० सिट मात्र जित्न सफल भएको छ । समानुपातिक समेतका सिटहरू समावेस गर्दा विपक्षी डिपीले राष्ट्रियसभामा एक सय ७५ सिट जितेको छ। यसैगरि पिपिपी लगायतका गठबन्धन पार्टीले एक सय आठ सिट प्राप्त गरेको छ ।योन्हाप समाचार एजेन्सीका अनुसार भ्रष्टाचार आरोपमा मुछिएका पूर्व न्यायमन्त्री चो कुक नेतृत्वको रिबिल्डिङ कोरिया पार्टीले १२ समानुपातिक सिट र पिपिपीका पूर्व नेता ली जुन-सिओकको नेतृत्वमा रहेको न्यू रिफर्म पार्टीले दुई स्थान जित्न सफल भएको छ।

चार वर्षअघि भएको चुनावमा सहयोगी दल समेतको सहयोगमा डीपीले एकसय ८० सिट जितेको थियो भने पिपिपीले एकसय तीन सिट जितेको थियो ।चुनावका लागि योग्य चार करोड ८२ लाख कुल मतदातामध्ये ६७ प्रतिशतले मतदान गरेको स्रोतले जनाएको छ । दक्षिण कोरियाली निर्वाचन आयोगका अनुसार विगत ३२ वर्षयताकै यो सबैभन्दा बढी मतदान हो । चुनावी नतिजा पछि पिपिपीका नेता हान डोङ-हूनले जनताको इच्छालाई गम्भीरतापूर्वक स्वीकार गर्दै पदबाट राजीनामा दिनु भएको छ।

# स्विट्जरल्यान्डले युक्रेन शान्ति सम्मेलन गर्ने

**एएनआई**

जेनेभा । स्विट्जरल्यान्डका विदेशमन्त्री इग्नाजिओ क्यासिसले दुई वर्ष लामो युद्धपछि युक्रेनमा शान्तिको मार्ग तय गर्ने उद्देश्यले सन् २०२४ को जुन महिनामा उच्चस्तरीय अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्ने बताउनु भएको छ।

सम्मेलनमा सय भन्दा बढी देशका प्रतिनिधिको सहभागिता रहने विदेशमन्त्री इग्नाजिओले बताउनु भएको छ। उहाँले स्विट्जरल्यान्डले युक्रेनमा हृदयदेखि नै शान्तिको चाहना गरेको छ भन्दै यो प्रयासले सार्थक नतिजा हासिल गर्ने अपेक्षा गरिएको बताउनु भएको छ।

यसैबीच स्वीस विदेश मामिला विभागको प्रेस विज्ञप्तिमा स्विट्जरल्यान्डले युक्रेनमा शान्ति सम्बन्धी उच्चस्तरीय सम्मेलन सन् २०२४ जुन महिनामा बर्गेनस्टकमा आयोजना हुने अपेक्षा गरिएको उल्लेख छ ।सम्मेलनको उद्देश्य अन्तर्राष्ट्रिय कानून र संयुक्त राष्ट्रको बडापत्रमा आधारित रहि युक्रेनमा न्यायपूर्ण र स्थायी शान्तिका लागि उच्चस्तरीय संवादको मञ्च प्रदान गर्नु हो । यस सम्मेलनमा विभिन्न मुलुकका राष्ट्राध्यक्ष र सरकार प्रमुखहरुको सहभागिता रहने छ।

प्रेस विज्ञप्तिका अनुसार, स्विट्जरल्यान्डले द्वन्द्व समाधान र शान्तिको खोजीमा सक्रिय रूपमा संलग्न रही युक्रेनको दिगो भविष्यलाई आकार दिन निरन्तर मद्दत गरिरहेको छ ।यसैबीच, सन् २०२४ जनवरी १५ मा युक्रेनी राष्ट्रपति जेलेन्स्कीको बर्न भ्रमणको क्रममा स्विट्जरल्यान्ड र युक्रेनले न्यायपूर्ण र स्थायी शान्ति स्थापनाका लागि आगामी कदमहरूबारे छलफल गरेका थिए । परिणामस्वरुप स्विट्जरल्यान्डले उच्चस्तरीय सम्मेलन आयोजना गर्न सहमत भयो ।

# एसिसी प्रिमियर कपका लागि नेपाली टोली तयार

**टुडे समाचारदाता**

काठमाण्डु ।

भारतमा एसएमएस कपमाथि कब्जा गर्दै उत्कृष्ट लयमा रहेका नेपाली टोलीलाई एसिसी प्रिमियर कपमाथि लागातार कब्जा गर्ने समय आएको छ । एसिसी प्रिमियर कपको दोस्रो संस्करण शुक्रबारदेखि सुरु हुँदैछ । शुक्रबारबाट सुरु हुने खेलमा नेपालले सुरुवातमै बलियो प्रतिद्वन्दी मलेसियासँग प्रतिस्पर्धा गर्नेछ।

सन् २०२३ बाट सुरु भएको कपको दोस्रो संस्करणका लागि नेपाली टिम तयार अवस्थामा छापछिल्लोपटक निरन्तर टी-२० र एकदिवसीय खेलमा अभ्यस्त रहेको नेपालले यसपटक पनि उपाधि जित्ने पूरा तयारी गरेको छा १० वर्षपछि टी-२० मा खेल्न लागेको नेपालका लागि एसिसी पुरुष प्रिमियर कप निकै महत्त्वपूर्ण मानिएको छ। पहिलो संस्करणको उपाधि जितेको नेपाल यसपटक पनि उपाधि जित्ने लक्ष्यमा रहेको छ।

सन् २०२३ को पहिलो संस्करण नेपालमै आयोजना हुँदा नेपाली टिमलाई सहज थियो। कारण, आफ्नै ग्राउन्ड र दर्शकको भरपुर साथ। तर, यसपटक पनि नेपाली टोली आफ्नो जितलाई निरन्तरता दिने सोचका साथ उच्च बनोबलका साथ आफूलाई प्रस्तुत गर्ने तयारी गरेको छ। घरेलु मैदानमा भएको खेलको कप्तानी गरेका रोहित कुमार पौडेल यसपटक पनि आफ्नो टिमलाई उपाधि लक्ष्यका साथ मैदान उत्रने छन् ।

दोस्रोपटक एसिसी प्रिमियर कपमा कप्तानीको जिम्मेवारी पाएका पौडेलको टिममा यसपटक पनि केही पुरानै खेलाडी दोहोरिएका छन् भने केही नयाँ अनुहारले स्थान पाएका छन् । यसपटकको नेपाली टिममा कप्तान पौडेलसहित कुशल भुर्तेल, सन्दिप जोरा, गुलशन झा, करण केसी, प्रतिस जिसी, विवेक यादव, अविनाश बोहरा, सोमपाल कामी, दिपेन्द्रसिंह ऐरी, ललित राजवंशी, कुशल मल्ल, अनिल साह र आशिफ शेख रहेका छन् ।

जबकी यसअघिको एसिसी प्रिमियर कपमा कप्तानी पौडेलसहित कुशल भुर्तेल, आशिफ शेख, आरिफ शेख, ज्ञानेन्द्र मल्ल, सन्दिप लामिछाने, कुशल मल्ल, सोमपाल कामी, ललित राजवंशी, दिपेन्द्रसिंह ऐरी, भिम सार्की, प्रतिश जीसि, करण केसी र गुलशन झा रहेका थिए । नेपालका पूर्व कप्तान ज्ञानेन्द्र मल्ल, स्पिनर सन्दिप लामिछाने, आरिफ शेख यसपटक टिममा छैनन् भने अविनाश बोहरा, विवेक यादव र अनिल साहले स्थान पाएका छन्। अन्य खेलाडी भने पहिला नै एसिसीको अनुभव गरिसकेका छन् ।




पछिल्लो पटक नेपालले खेलेको विभिन्न खेलमा राम्रो प्रदर्शन गर्दै आएको छ। त्यसकारण पनि नेपाली टिम यसपटकको उपाधि दावेदार मानिएको छ । त्यसकारण नेपाली टिमले धर्यताका साथ खेल्ने र उपाधि जित्ने तर्फ ध्यान दिन पर्ने देखिन्छ।

प्रिमियर कपको उपाधि दाबेदार ४ टोली

प्रतियोगिता समूह ए मा नेपाल, हङकङ, मलेसिया, कतार र साउदीअरेबिया छन् । समूह बी मा युनाइटेड अरब इमिरेट्स (यूएई), ओमान, बहराइन, कम्बोडिया र कुवेत छन् ।

हरेक समूहका शीर्ष दुई टोली सेमिफाइनलमा पुग्नेछन् । फाइनल हुँदै उपाधि जित्ने टोलीले एसिया कप टी-२० प्रतियोगिता खेल्न पाउनेछ । एसिया कप टी-२० विश्वकपपछि हुने बताएएको छ । एसिया कपमा भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश, अफगानिस्तान र प्रिमियर कपको विजेता हुनेछन् ।

टी-२० क्रिकेटमा कुनै पनि भर हुँदैन । एउटा ओभरले पूरा खेल मोडिन सक्छ । सबै टोलीका खेलाडी, बलियो र कमजोर पक्ष हेर्दा प्रिमियर कपको उपाधि जित्न सक्ने चार टोली यस प्रकार छन् ।नेपाल प्रिमियर कपको उपाधि जित्न सक्ने प्रमुख दाबेदार टोली हो । गत वर्ष घरेलु मैदानमा सम्पन्न एसीसी प्रिमियर कपको उपाधि नेपालले जित्दै एसिया कपमा पहिलो पटक भारत र पाकिस्तानविरुद्ध खेलेको थियो ।

ब्याटिङमा गहिराइ हुनु, टी-२० विशेष खेलाडीको बाहुल्यता, सन्तुलित बलिङ आक्रामण र एकै टोलीले लगातारसँगै खेल्नु नेपालले उपाधि जित्न सक्ने प्रमुख आधार हुन् ।नेपालले खराब सुरुआत गर्दा पनि बलियो योगफल बनाउन र पुऱ्याउन सक्ने खुबी छ। नेपालको प्लेइङ-११ हेर्दा ९/१० नम्बरसम्म ब्याटिङबाट जिताउन सक्ने क्षमता भएका खेलाडी छन् । दीपेन्द्रसिंह ऐरी नेपालका प्रमुख हतियार हुन् । उनको अलराउन्ड प्रदर्शन महत्वपूर्ण हुनेछ।

दीपेन्द्र, कुशल मल्ल र कुशल भुर्तेल टी-२० विशेष खेलाडी मानिन्छन् । गुलशन झा र करण केसी क्लिन हिटर तीव्र गतिका बलिङ अलराउन्डर हुन् ।घरेलु टोली ओमान उपाधिको अर्को दाबेदार टोली हो। कुनै पनि टोली घरेलु मैदानमा अतिरिक्त बलियो हुन्छन् । घरेलु मैदान र कन्डिसनको भरपूर्ण फाइदा उठाउँदै ओमान उपाधि जित्न चाहन्छ । अनुभवी खेलाडी टोलीमा बढी हुँदा ओमानले कठिन समयमा पनि राम्रो खेल्न सक्छ।

ओमानले गत नोभेम्बरमा आईसीसी टी-२० विश्वकप एसिया क्षेत्र छनोटको समूह चरण र फाइनल दुवै खेलमा घरेलु टोली नेपाललाई हराएको थियो । त्यसले गर्दा पनि उनीहरुको मनोबल उच्च छ ।अकिब इलियास, जिशान मकसुद, कश्याप प्रजापति, प्रतिक अथभले र मोहम्मद नसिम खुसी जस्ता ब्याटर टोलीमा छन् । अनुभवी तीव्र गतिका बलर बिलाल खान घातक बन्न सक्ने ओमानका बलिङ हतियार हुन् ।

पछिल्लो समय हङकङले अन्तर्राष्ट्रिय क्रिकेटमा सफलता पाउन सकेको छैन । हङकङ प्रिमियर कपको उपाधि जित्दै एसिया कपमा आफ्नो विरासत फर्काउन चाहन्छ । पछिल्लो संस्करणको टी-२० एसिया कप २०२२ हङकङले नै खेलेको थियो ।अनुभवी ब्याटर बाबर हायत, निजाकत खान, अंशुमन रथ र मार्टिन कोट्जी जस्ता ब्याटर टोलीमा हुँदा कुनै पनि टोलीलाई हराउन सक्ने खुबी देखिन्छ।

दक्षिण अफ्रिकी मुलका मार्टिन पछिल्लो समय राम्रो लयमा छन् । हङकङको तीव्र गतिको बलिङ आक्रामणमा नास्रुला राना, आयुश शुक्ला र इकबाल छन् । अनुभवी स्पिनर एहसान खानको स्पिन खेल्न पनि सहज हुनेछैन ।यूएई उपाधि जित्न सक्ने अर्को दाबेदार टोली हो । एशोसिएटकै खतरनाक हिटर मोहम्मद वासिम चलेमा कुनै पनि टोलीलाई यूएईले हराउन सक्ने आँट राख्छ।

बासिल हमिद, अली नासिर र आयन खान जस्ता म्याच विनर अलराउन्डर टोलीमा छन् । मध्यक्रममा आसिफ खानको प्रदर्शन निकै महत्वपूर्ण हुनेछ । अर्कोतर्फ यूएई र ओमानको कन्डिसन मिल्दछ।२०२२ को टी-२० विश्वकप छनोटको फाइनलमा आयरल्यान्डलाई हराउँदै ओमानले उपाधि जितेको थियो । वासिमले फाइनलमा यूएईविरुद्ध ११२ रनको शतकीय इनिङ खेलेका थिए ।

# इरान र इजराइललाई 'संयमता' अपनाउन क्रेमलिनको आग्रह



**एएफपी**

मस्को । मध्यपूर्वमा बढ्दो तनावका बीच मस्कोले बिहीबार इरान र इजराइलसँग संयमता अपनाउन आग्रह गरेको छ।

दुई इरानी जनरलको मृत्यु हुने गरी यसै महिनाको सुरुमा भएको हमलालाई लिएर तेहरानले इजराइलविरुद्ध नयाँ धम्की जारी गरेको छ। त्यसपछि अमेरिकी राष्ट्रपति जो बाइडेनले बुधबार इजराइलका लागि 'कडा' समर्थनको प्रतिज्ञा गर्नुभएको छ। क्रेमलिनका प्रवक्ता दिमित्री पेसकोभले पत्रकारहरूसँग भन्नुभयो, "यस क्षेत्रलाई अस्थिर हुन नदिन सबैले संयमता अपनाउन अत्यन्तै महत्त्वपूर्ण छ।" रुसले पहिला गाजामा छ महिनाको युद्धमा इजराइलको आचरणको निन्दा गरेको थियो।

मस्कोले परम्परागतरूपमा मध्यपूर्वका सबै प्रमुख शक्तिसँग सम्बन्ध कायम राख्ने प्रयास गरेको थियो । यद्यपि गाजा युद्धले इजराइलसँग उसको सम्बन्धलाई बिग्रिएको छ र उसले पहिलादेखि नै इरानसँग सैन्य र राजनीतिक सम्बन्धलाई सुदृढ बनाइरहेको छ। दुवै कट्टर प्रतिद्वन्द्वीबीच सम्भावित मध्यस्थताका रूपमा रुससँग सम्पर्क नगरिएको पेसकोभले बताउनुभयो।

# इजरायली आक्रमणमा हमास नेताका तीन छोरा मारिए



**एएफपी**

गाजापट्टि । इजरायली सेनाले गाजामा गरेको हवाई हमलामा हमास नेता इस्माइल हनिएका तीन जना छोराहरु मारिएका छन् ।हमास नेता हनिएले इजरायलले बदलाको भावनाबाट प्रेरित भएर निहत्था व्यक्तिको हत्या गरेको बताउनु भएको छ।

इजरायली सेनाले पनि बुधबार गाजामा हवाई हमला गरिएको पुष्टि गरेको छ । गाजामा आतङ्कवादी क्रियाकलापमा संलग्न रहेको पाइएपछि हवाई आक्रमण गर्नु परेको सेनाको भनाई छ । हमासका अनुसार उक्त आक्रमणबाट हमास नेता हनिएका तीन नातिनातिनाको पनि मृत्यु भएको छ । अल-जजिरा टेलिभिजनसँगको अन्तर्वार्तामा हनिएले आफ्ना सन्तानको हत्या भए पनि हमासले इजरायलप्रति नरम नीति अख्तियार नगर्ने र आफूहरु नझुक्ने बताउनु भएको छ।

हाल अन्तर्राष्ट्रिय पहलमा इजरायल र हमासबीच युद्धबिराम गर्नेगरी वार्ताहरु भइरहेका छन् ।हानिएले सन् २०१९ मा गाजा छाड्नु भएको थियो । उहाँ हाल कतारमा निर्वासित जीवन बिताइरहनु भएको छ। गाजामा अहिले हमासका शीर्ष नेताका रुपमा येह्या सिन्वार हुनुहुन्छ। सिन्वारकै योजना बमोजिम गत अक्टोबर ७ मा इजरायलभित्र हमासले आक्रमण गरेको थियो । यस आक्रमणमा कम्तीमा एक हजार २०० इजरायलीको मृत्यु हुनुका साथै दुई सयभन्दा बढीलाई अपहरण गरिएको थियो।

हमासको आक्रमणपछि इजरायलले गाजामा गरेको सैनिक कारबाहीमा ३३ हजारभन्दा बढी व्यक्तिको ज्यान गइसकेको हमासको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

# रुसले युक्रेनमा रातभर ४० क्षेप्यास्त्र र ४० ड्रोन प्रहार गर्यो : जेलेन्स्की

## युक्रेनका गृहमन्त्री आइगोर क्लिमेन्कोले देशका विभिन्न भागमा सयौं उद्धारकर्मीहरु परिचालन गरिएको जानकारी दिनु भएको छ ।

**एएफपी**

किभ ।युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले बिहीबार राति रुसले "महत्वपूर्ण पूर्वाधार" लाई लक्षित गर्दै युक्रेनमा ४० भन्दा बढी क्षेप्यास्त्र र ४० वटा ड्रोन प्रहार गरेको बताउनु भएको छ।

युक्रेनी राष्ट्रपति जेलेन्स्कीले सामाजिक सञ्जाल एक्स मार्फत रुसी हमलाका बारेमा जानकारी दिँदै केही क्षेप्यास्त्र र ड्रोनलाई युक्रेनी प्रतिरक्षा फौजले सफलतापूर्वक खसालिदिएको बताउनु भएको छ ।रुसले युक्रेनका विद्युत, सञ्चार, रेल्वे समेतका महत्वपूर्ण पूर्वाधारलाई लक्षित गरेकामा उहाँले असन्तुष्टि व्यक्त गर्नु भएको छ। यी आक्रमणबाट कुनै पनि व्यक्ति हताहत नभएको पनि युक्रेनको भनाई छ।



रुसले राजधानी शहर किभ, जापोरिफिया र ओडेसाका साथै पोल्यान्डसँग सीमा जोडिएको लभिभ शहरलाई पनि लक्षित गरी आक्रमण गरेको छ । राष्ट्रपति जेलेन्स्कीले युक्रेनको दोस्रो ठूलो शहर खार्किब र त्यस वरपरको क्षेत्रमा पनि क्षेप्यास्त्रहरुबाट आक्रमण गरेको बताउनु भएको छ। यस शहरलाई केन्द्रित गरेर पछिल्ला दिनहरुमा रुसले निरन्तर आक्रमण गरिरहेको छ । युक्रेनका गृहमन्त्री आइगोर क्लिमेन्कोले देशका विभिन्न भागमा सयौं उद्धारकर्मीहरु परिचालन गरिएको जानकारी दिनु भएको छ। यसैबीच, रुसले पनि रुसका विभिन्न शहरलाई लक्षित गरी प्रहार गरिएका १२ वटा युक्रेनी ड्रोन खसालेको दाबी गरेको छ । युक्रेनले पनि रुसका विभिन्न भागमा ड्रोन मार्फत् केही महिनादेखि लगातार हमला गरिरहेको छ।

# मङ्गोलियाको जीडीपी सन् २०२४ मा ४.१ प्रतिशत बढ्ने अनुमान




**सिन्ह्वा**

उलानबटोर । मङ्गोलियाको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) सन् २०२४ मा ४.१ प्रतिशतले बढ्ने अनुमान गरेको छ। एसियाली विकास बैंक (एडीबी)का अनुसार मङ्गोलियाको जीडीपी यो सन् २०२३ मा सात प्रतिशतले वृद्धि भएको थियो।

सन् २०२४ मा खानी र उच्च सरकारी लगानीका कारण आर्थिक वृद्धिमा केही टेवा पुग्नेछ । तर मङ्गोलियामा यस वर्ष चिसोका कारण कृषि क्षेत्रमा सङ्कुचन आउने अनुमान एडीबीले गरेको छ । प्रतिवेदनमा, बैंकले सन् २०२५ मा मङ्गोलियाको जीडीपी वृद्धि छ प्रतिशतमा पुग्ने अनुमान गरेको छ। जुन कृषि क्षेत्रको सुधार, खानी विस्तार र सेवाहरूको वृद्धिबाट सम्भव हुनेछ।

सन् २०२३ मा मङ्गोलियाली अर्थतन्त्र बलियो देखिएको बताउँदै यही प्रवृत्ति जारी रहने मङ्गोलियाका लागि एडीबीका निर्देशक श्यानन काउलिनले बताउनु भयो । "यस वर्ष, मौसम-सृजित प्रकोपबाट आर्थिक वृद्धि प्रभावित भई कृषि क्षेत्रमा उल्लेखनीय असर पारेको छ । अप्रिलको सुरुसम्ममा ६० लाखभन्दा बढी गाईवस्तु मरेका छन् भने यो संख्या बढ्ने क्रममा रहेको छ," उहाँले उल्लेख गर्नु भएको छ।

# भारतमा बस दुर्घटना, छ जना स्कुले बालबालिकाको मृत्यु

**सिन्ह्वा**

नयाँदिल्ली । भारतको उत्तरी राज्य हरियाणामा बिहीबार स्कुल बस दुर्घटना हुँदा त्यसमा सवार कम्तीमा छ जना विद्यार्थीको मृत्यु हुनुका साथै एक दर्जनभन्दा बढी घाइते भएको स्थानीय प्रहरीले जनाएको छ।

जि.एल. पब्लिक स्कुलका करिब ४० जना विद्यार्थी बोकेको बस कानिना क्षेत्रमा दुर्घटना भएको थियो । प्रारम्भिक रिपोर्टमा ड्राइभरले गाडी उच्च गतिमा लापरवाहीपूर्ण रुपमा चलाएका कारण दुर्घटना भएको जनाइएको छ।

एक मिडिया रिपोर्टमा बसका घाइते बच्चालाई उद्धृत गर्दै बस चालकले मदिरा सेवन गरी तीव्र गतिमा बस चलाएका बताएको छ।

निर्दोष बालबालिकाको मृत्युले सम्पूर्ण कानिना क्षेत्रबासी गहिरो शोकमा छन् ।

हरियाणा राज्यका मुख्यमन्त्री नायब सिंह सैनीले मानवीय क्षतिप्रति दुःख व्यक्त गर्दै सन्तान गुमाउने परिवारप्रति सहानुभूति सहित घाइतेको स्वास्थ्यलाभको कामना गर्नु भएको छ।

# नेपालको अर्थतन्त्र ३ दशमलव ६ प्रतिशतले वृद्धि हुने एडिबीको प्रक्षेपण



काठमाण्डु । एसियाली विकास बैंक (एडिबी)ले आर्थिक वर्ष २०८०/८१ मा नेपालको अर्थतन्त्र ३ दशमलव ६ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेको छ । यसअघि विश्व बैंकले चालु आर्थिक वर्षमा ३ दशमलव ३ प्रतिशतले नेपालको अर्थतन्त्र वृद्धि हुने प्रक्षेपण गरेको थियो ।

बैंकले विहिबार पत्रकार सम्मेलन गरी आफ्नो प्रकाशन 'एसियन डेभलपमेन्ट आउटलुक' (एसियाली विकास परिदृष्य) २०८० सार्वजनिक गर्दै गत आर्थिक वर्ष २०७९/८० को तुलनामा १ दशमलव ९ प्रतिशतले वृद्धि भई नेपाली अर्थतन्त्र क्रमशः सुधारको बाटोमा अघि बढेको जनाएको छ ।

नेपाल सरकारको मौद्रिक नीतिमा क्रमिकरूपमा लचकता अपनाउँदै उपभोक्ता र लगानीकर्ताको विश्वास जित्ने र पछिल्लो छ महिनामा पुँजीगत खर्चमा तीव्रता दिने नीतिगत व्यवस्थाका कारण अर्थतन्त्र क्रमशः सुधारको दिशामा अघि बढेको बैंकले स्पष्ट गरेको छ ।बैंकले कर्जा क्षेत्रमा देखिएको सहजता, ब्याजदरमा आएको गिरावट, पर्यटन तथा कृषि क्षेत्रको सुधार एवं निर्माणाधीन केही महत्वपूर्ण जलविद्युत् परियोजनाको उत्पादन सुरु भएसँगै औद्योगिक क्षेत्रमा परेको सकारात्मक प्रभावका कारण नेपालको अर्थतन्त्र सुधारोन्मुख रहेको बताएको छ ।

कार्यक्रममा एडिबी नेपालका प्रमुख अर्थशास्त्री इयान हासिनले विश्वअर्थतन्त्रमा देखिएको शिथिलतका कारण नेपालको अर्थतन्त्रमा महत्वपूर्ण योगदान रहेको पर्यटन तथा विप्रेषण क्षेत्र प्रभावित हुनसक्ने जोखिम रहेको चर्चा गर्दै गरिबी निवारण, जलवायु परिवर्तन, ऊर्जा क्षेत्रसहित समृद्ध एवं समावेशी नेपालका पक्षमा सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

एडिबी नेपालका वरिष्ठ अर्थशास्त्री मानवर खड्काले पछिल्लो समय दक्षिण एसियाली मुलुकअन्तर्गत भारत र बङ्गलादेश उच्च आर्थिक वृद्धिदर हासिल गर्न सफल भएको जानकारी दिँदै बाँकी अन्य देशको तुलनामा नेपालको अर्थतन्त्र सन्तोषजनक रहेको बताउनुभयो । एडिबीका वरिष्ठ अर्थशास्त्री समीर खतिवडाले बाह्य लगानीमा भर नपरी विकास निर्माणसहित पुँजीगत खर्चको व्यवस्था देश स्वयंले गर्नुपर्ने धारणा व्यक्त गर्दै नतिजामुखी नीतिनियमसहित संरचनागत रुपान्तरणतर्फ नेपालको ध्यान जानुपर्ने सुझाव दिनुभयो ।

> बैंकले विहिबार पत्रकार सम्मेलन गरी आफ्नो प्रकाशन "एसियन डेभलपमेन्ट आउटलुक" (एसियाली विकास परिदृष्य) २०८० सार्वजनिक गर्दै गत आर्थिक वर्ष २०७९/८० को तुलनामा १ दशमलव ९ प्रतिशतले वृद्धि भई नेपाली अर्थतन्त्र क्रमशः सुधारको बाटोमा अघि बढेको जनाएको छ ।

बैंकले पेट्रोलियम पदार्थको मूल्यमा देखिएको गिरावट र भारतको मुद्रास्फीति न्यूनीकरणसँगै नेपालको औसत मुद्रास्फीति गत आर्थिक वर्षको ७ दशमलव ७ को तुलनामा चालु आर्थिक वर्षमा ६ दशमलव ५ प्रतिशतमा झर्ने प्रक्षेपण गरेको छ । यसैगरी चालु आर्थिक वर्षको बाँकी अवधिमा उच्च आयात र स्थिर विप्रेषण आप्रवाहले आर्थिक वर्ष २०८०/८१ मा चालु खाता घाटा कूल ग्राहस्थ उत्पादनको शून्य दशमलव ७ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ । सन् १९६६ मा स्थापित एडिबीमा एसिया-प्रसान्त क्षेत्रका ४९ सहित ६९ सदस्यहरूको स्वामित्व रहेको छ ।रासस

# दुग्ध किसानको ४८ करोड भुक्तानी बाँकी



हेटौँडा । मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घले दुग्धजन्य उद्योगसँग रु ४८ करोड भुक्तानी लिन बाँकी रहेको जनाएको छ । सङ्घले किसानलाई सो बराबरको रकम समयमै भुक्तानी नभए आफूहरू आन्दोलनमा जाने चेतावनी दिएको छ ।

गत फागुनमा केन्द्रीय दुग्ध सहकारी सङ्घ र नेपाल सरकार कृषि मन्त्रालयअन्तर्गत दुग्ध विकास संस्थान तथा निजी डेरीबीच भएको सम्झौताअनुसार चैत २१ गतेसम्म पुस मसान्तसम्मको दूधको भुक्तानी गर्ने सहमति भएको थियो । तर सो समयमा सम्झौताअनुसार भुक्तानी नभएको भन्दै सङ्घले आन्दोलन गर्ने चेतावनी दिएको हो ।

सङ्घका अध्यक्ष हरिप्रसाद कँडेलले सम्झौताअनुसार दूधको भुक्तानी चैत मसान्तभित्र गरिसक्नुपर्ने र बाँकी भुक्तानी निरन्तर दिने व्यवस्था गर्नुपर्ने, किसानबाट उत्पादित दूध निरन्तर बिक्री हुने व्यवस्था मिलाउनुपर्ने बताउनुभयो । उहाँले दुग्ध उत्पादक किसानलाई दिँदै आएको लिटर अनुदानलाई निरन्तर दिने व्यवस्था गरिनुपर्ने र पशु बीमालाई सहकारी संस्थामार्फत गर्ने व्यवस्था गरिनुपर्ने माग गर्नुभयो ।

अध्यक्ष कँडेलले दुग्ध उत्पादक किसानका समस्याप्रति बेवास्था गर्ने सरकार र निजी दुग्ध उद्योगीविरुद्ध निर्णायक आन्दोलनमा सहभागी हुनुपर्ने अवस्था आएको बताउनुभयो । उहाँले सम्पूर्ण दुग्ध उत्पादक किसानलाई आन्दोलनको तयारी अवस्थामा रहन निर्देशन दिइएको जानकारी बाग्मती प्रदेश खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री एकालाल श्रेठलाई गराइएको बताउनुभयो । मन्त्री श्रेष्ठ यसै क्षेत्रबाट चुनाव जित्नुभएकाले समस्या समाधानमा लागिदिन आग्रह गरिएको उहाँको भनाइ छ ।रासस

# जाग्दै आशा, बढ्दै लगानी

पोखरा । अङ्ग्रेजी नयाँ वर्षमा भएको पर्यटकको उल्लेख्य उपस्थितिले उत्साहित भएका पर्यटनको राजधानी पोखराका पर्यटन व्यवसायी नेपाली नयाँ वर्षको आगमनको पूर्वसन्ध्यामा देखिन थालेको चहलपहलबाट थप खुसी छन् ।

बहत्तरको भूकम्पपछिका विभिन्न आरोह-अवरोह भोग्दै कोरोना कहरसम्मले तहसनहस बनाएको यहाँको पर्यटनमा आगामी दिनका लागि आशाका किरण चम्किन थालेको महसुस भएको छ । पोखरामा पर्यटनलक्षित पूर्वाधार विकासकै क्रममा हालसम्म रू छ खर्बभन्दा बढी लगानी भइसकेको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठको अनुमान छ । उहाँका अनुसार समग्र गण्डकी प्रदेशको पर्यटन क्षेत्रमा रू सात खर्बभन्दा बढीको लगानी छ ।

निर्माणाधीन सडक पर्यटकका लागि चुनौतिपूर्ण भइरहे पनि चाँडै नै यी सडकले पूर्णता पाउने आशामा यहाँका व्यवसायी छन् । काठमाडौँमा आएका विदेशी पर्यटकमध्ये लगभग ५० प्रतिशत पोखरामा आउने गरेका अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । पोखराको पर्यटनमा गण्डकी प्रदेशको 'आन्तरिक भ्रमण वर्ष, २०१९' र नेपाल सरकारको 'नेपाल भ्रमण वर्ष, २०२०' लाई लक्षित गरी ठूलै लगानी थपिएको यहाँका व्यवसायी बताउँछन् । तत्कालीन समयमा सरकारले पनि लगानी थप्नका लागि आह्वान गरेअनुसार लगानी थपेका व्यवसायी त्यसलगत्तै आएको कोरोना महामारीका कारण ठूलो सङ्कटमा परेका अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

पूर्वाधारमा लगानी थप्दै गएका अवस्थामा एकाएक रूपमा देखापरेको कोरोना महामारीले यहाँको पर्यटन व्यवसायलाई नराम्रोसँग थला पारेको थियो । कोरानाले थला पारेको पर्यटन विस्तारै पुरानै गतिमा फर्कने आशा पलाएको बताउँदै उहाँले अङ्ग्रेजी नयाँ वर्ष र त्यसयता देखिएको उत्साहले अब भने यहाँको पर्यटन पूर्ववत् अवस्थामा नै फर्कने अपेक्षा गरिएको बताउनुभयो ।

पोखराको पर्यटनलाई चलायमान बनाउन यहाँका पर्यटनसम्बद्ध सङ्घसंस्थाले प्रवर्द्धनका गतिविधि निरन्तर गरिरहेका श्रेष्ठले बताउनुभयो । पछिल्ला समयमा भारतीय पर्यटकको आगमन उत्साहजनक रूपमा बढिरहेको बताउँदै उहाँले पोखरा-मुग्लिन सडकको निर्माणाधीन अवस्थाका कारण आवतजावतमा कठिनाइका बीच पनि भारतीयहरू ठूलै संख्यामा पोखरा आइरहेका उहाँले जानकारी दिनुभयो । "पोखरामा भारतीय पर्यटकको आगमन उत्साहजनक छ, चिनियाँ पर्यटकको आगमन भने अझै अपेक्षित रूपमा बढ्न सकेको छैन", उहाँले भन्नुभयो ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले मुक्तिनाथको भ्रमण गरेसँगै ठूलो संख्यामा भारतीय पर्यटक आउने क्रम बढेकामा कोरोनासँगै भारतीय पर्यटकको आगमन पनि प्रभावित बनेको थियो । पछिल्ला समयमा भारतीय पर्यटकको आगमन पनि उत्साहजनक रूपमा नै बढ्दै गएको छ । बाटोका विद्यमान असहजताका बीच पनि भारतीय पर्यटक आफ्नै सवारीसाधन लिएर पनि पोखरा आउने गरेका छन् ।

नेपाल सरकारले २० लाख पर्यटक भित्र्याउने लक्ष्यका साथ सन् २०२० लाई नेपाल भ्रमण वर्ष घोषणा गर्दै पर्यटन क्षेत्रमा लगानी गर्न गरेको आग्रहसमेतका कारण पोखराका होटलमा पूर्वाधार थप गर्न तत्कालीन समयमा यहाँका व्यवसायीले ठूलै लगानी बढाएका होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनुभयो ।

सन् २०१९ मा गण्डकी प्रदेश सरकारको आन्तरिक भ्रमण वर्ष घोषणा र सन् २०२० मा सङ्घीय सरकारको नेपाल भ्रमण वर्ष घोषणाले व्यवसायीलाई लगानीका लागि हौस्याए पनि लगत्तै आएको कोरोना महामारीले त्यसपछिका दुई वर्ष पर्यटन शून्यतामा झर्दा व्यवसायी गम्भीर समस्यामा परेका उहाँको भनाइ छ । भ्रमण वर्षको घोषणायता हालसम्म पोखरामा थप रू एक खर्बभन्दा बढी पर्यटन क्षेत्रमा लगानी भइसकेको उहाँले जानकारी दिनुभयो ।

"आन्तरिक भ्रमण वर्षदेखि नेपाल भ्रमण वर्ष र पोखरामा बन्दै गरेको अन्तर्राष्ट्रिय विमानस्थलका कारण पनि पर्यटक बढ्ने आशामा व्यवसायीले लगानी बढाएका थिए", अध्यक्ष सुवेदीले भन्नुभयो, "विडम्बना लगानी थप्दै गर्दा एकाएक आएको कोरोनाका कारण यहाँको पर्यटन दुई वर्षभन्दा बढी शून्यप्रायः नै बन्न पुग्यो ।" सन् २०१९ मा १२ लाख ६० हजारको संख्यामा विदेशी पर्यटक आउनुले पनि तत्कालीन समयमा व्यवसायीले ठूलै आशाका साथ लगानी बढाएका उहाँको भनाइ छ ।



सन् २०२० र २०२१ मा ठप्प भएको विदेशी पर्यटक आगमन सन् २०२२ मा भने करिब चार लाख ५० हजार आएको तथ्याङ्क छ । सन् २०२३ मा १० लाख पर्यटक भित्रिएकामा अङ्ग्रेजी नयाँ वर्ष र त्यसयता देखिएको आगमनले आगामी दिनमा पर्यटकको आगमन बढ्ने विश्वास लिइएको सुवेदीले बताउनुभयो ।

भारतीय पर्यटक अधिकांशतः धार्मिक रूपमा पोखरा आउने गर्दछन् । पोखरा हुँदै मुक्तिनाथको दर्शन गरेर फर्कने भएकाले पनि मुक्तिनाथ आउँदा जाँदा उनीहरूले पोखरामा केही दिन बिताउने गर्दछन् । पोखरालाई आधार बनाएर अन्नपूर्ण चक्रीय पदमार्ग, अन्नपूर्ण आधार शिविर पदमार्ग, मर्दी हिमाल पदमार्ग, पुनहिल, घोरेपानी, मिलेनियम ट्रेकलगायत स्थानमा पर्यटक जाने भएकाले यी सबै पर्यटकीय गतिविधिले पोखराको पर्यटनमा प्रत्यक्ष प्रभाव पार्ने गर्दछ ।

अङ्ग्रेजी नयाँ वर्षमा पोखरामा देखिएको स्वदेशी एवं विदेशी पर्यटकको आगमनले आगामी दिनमा यहाँको पर्यटन व्यवसाय पुरानै गतिमा फर्कने विश्वास लिइएको छ । यहाँको पर्यटकीय सम्भावनालाई थप उजागर गर्न पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिनुले विशेष योगदान गर्ने अपेक्षा गरिएको छ ।पर्यटकीय राजधानी घोषणासँगै अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजनाका साथ अघि बढ्ने सरकारको योजना छ । पोखरामा अन्तर्राष्ट्रिय विमानस्थलको व्यावसायिक उडानसँगै त्यससँग जोडिएका पूर्वाधार निर्माणलगायतका विषयलाई अघि बढाउने तयारी छ ।

पोखराको अर्को दर्शनीयस्थल महेन्द्रगुफा हो । पोखरा बजारको उत्तरी भूभागमा अवस्थित यस गुफाभित्र प्राकृतिकरूपमा निर्मित हात्तीको सुँड, गाईका स्तन, शिवलिङ्ग, नाग आदिका आकृतिलाई नियाल्न सकिन्छ । गुफाको लम्बाइ एक सय २५ मिटर रहेको छ । महेन्द्र गुफाको पश्चिमतर्फ चमेरे गुफा छ । चुनढुङ्गाबाट बनेको यस गुफामा ठूलो संख्यामा चमेराका साथै विभिन्न आकारका मूर्ति, शिवलिङ्ग, देवी-देवताका आकृतिहरू देख्न सकिन्छ ।

धार्मिक पर्यटकीय रूपमा यहाँको प्रसिद्ध शक्तिपीठ विन्ध्यवासिनी मन्दिरको विशिष्ट महत्व छ । मन्दिरबाट देखिने हिमाली दृश्यसहित पोखराको मनमोहक दृश्यले जोकोहीलाई लोभ्याउने गर्दछ । पछिल्लो समयमा चासो र चर्चा कमाएको पुम्दीकोट यहाँको अर्को आकर्षण हो । जनस्तरबाट निर्मित विशाल महादेवको मूर्तिसहित निर्माण भएका सुमेरु पर्वत आदिले यहाँको पर्यटकीय आकर्षण चुलिएको छ । पुम्दीकोटसँगै नजिकै रहेको विश्वशान्ति स्तुपा अर्को महत्त्वपूर्ण गन्तव्य हो । बौद्ध अनुयायीहरूका लागि विशेष महत्वको स्थल यहाँबाट देखिने हिमालसहितको पोखराको दृश्यले पर्यटक लोभिने गरेका छन् ।

पोखरा बजारबाट उत्तर-पश्चिममा रहेको सराङकोट हिमाल र पोखराको अवलोकन गर्न सकिने अर्को गन्तव्य हो । सूर्योदय तथा सूर्यास्तको दृश्यावलोकनका लागि पनि यसको विशिष्ट महत्व रहेको छ ।पोखरा र आसपासमा रहेका धर्मशिला बुद्ध विहार, हरिहर गुफा, नारायणस्थान मन्दिर, सदाशिव मन्दिर, ढुङ्गेसाँघु, लक्ष्मीनारायण मन्दिर, भद्रकाली मन्दिर, शोभा भगवती आदि धार्मिक पर्यटकीय गन्तव्य हुन् । धार्मिक एवं ऐतिहासिक महत्वका स्थलका रूपमा पोखरा आसपासमा रहेका भरतपोखरीको कोटभैरव, ठूलाकोट, बेगनासकोट, रुपाकोट, फेक्सिङकोट आदि पनि महत्त्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य हुन् ।

> सन् २०२० र २०२१ मा ठप्प भएको विदेशी पर्यटक आगमन सन् २०२२ मा भने करिब चार लाख ५० हजार आएको तथ्याङ्क छ । सन् २०२३ मा १० लाख पर्यटक भित्रिएकामा अंग्रेजी नयाँ वर्ष र त्यसयता देखिएको आगमनले आगामी दिनमा पर्यटकको आगमन बढ्ने विश्वास लिइएको सुवेदीले बताउनुभयो ।

लेकसाइड र ड्यामसाइड क्षेत्रमा मात्रै सात सयको संख्यामा पर्यटकस्तरीय होटल रहेका होटल सङ्घ पोखराका अध्यक्ष सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार पोखरा र आसपासमा गरी कुल एक हजार दुई सय होटलका साथ ४० हजार बेड संख्या रहेको छ । यहाँ एक रातमा ४० हजार पर्यटकलाई राख्न सकिने बताउँदै उहाँले पर्यटकमैत्री वातावरण, आतिथ्यता यहाँको विशिष्टता भएको बताउनुभयो ।प्रकृतिको बरदान नै रहेको पोखरामा पर्यटकको बसाइलाई लम्ब्याउने करिब तीन दर्जनभन्दा बढी पर्यटकीय गन्तव्य छन् । यहाँ आउने पर्यटकको पहिलो रोजाइ फेवाताल हो । माछापुच्छ्रे हिमालको छायाँ देखिने यो तालको बीचमा रहेको तालबाराही मन्दिरका कारण यसको महिमा र गरिमा अझै चुलिएको छ ।

त्यस्तै पोखरामा आउने पर्यटकले यहाँको सिद्धार्थ राजमार्ग हुँदै आउने छोरेपाटनमा रहेको पातले छाँगो (डेभिड फल) हेर्न नछुटाउने अर्को गन्तव्य हो । पातले छाँगाको नजिकै दक्षिणतर्फ गुप्तेश्वर महादेव गुफा छ । गुफाको प्रवेशद्धारबाट करिब चार सय फिट सुरुङभित्र प्राकृतिक आश्चर्यको रूपमा शिव, पार्वती, नाग, गणेश, मुसासहितको शीलामूर्ति प्रतिस्थापन गरिएको छ । यस मूर्ति तीन सय फिट तल सुरुङमार्ग हुँदै पाताले छाँगोको पिँध भागमा पुगेर मनमोहक दृश्यावलोकन गर्न सकिनु यहाँको विशिष्टता हो ।

पोखराको बीचभागबाट गहिरिएर बगेको सेती नदीदेखि लेखनाथ क्षेत्रमा रहेका वेगनास, रुपा, खाष्टे, दिपाङ, गुँदे, न्यूरेनी, मैदी तालहरूले यहाँको सौन्दर्यतालाई थप उजागर गरेका छन् । पर्वतीय पर्यटनसँगै हिमाल र हिमाली जीवनको अध्ययन अवलोकन गर्न पाइने अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय यहाँको अर्को पर्यटकीय गन्तव्य हो । विश्वका उच्च हिमाल, ती हिमालमा आरोहण गर्ने आरोहीको ऐतिहासिक तथ्य, हिमाली जीवन आदिलाई जीवन्त रूपमा देखाउने उद्देश्यका साथ सङ्ग्रहालयमा विभिन्न चार कक्षहरू राखिएका छन् ।

त्यस्तै पोखराको केआई सिंह पुल नजिकै रहेको गोर्खा स्मृति सङ्ग्रहालय अर्को दर्शनीयस्थल हो । गोर्खा सैनिकमा भर्ती भई उनीहरूले विश्वमा देखाएको बहादुरीका कथा, गोर्खाली सेनाको इतिहासलगायतका विषयलाई सङ्ग्रहालयमा जान्न बुझ्न सक्ने व्यवस्था मिलाइएको छ ।पोखरास्थित पृथ्वीनारायण क्याम्पसको हाताभित्र रहेको अन्नपूर्ण सङ्ग्रहालय पुतलीको अध्ययन-अनुसन्धानका लागि पुग्नैपर्ने गन्तव्य हो भने नयाँ बजारस्थित प्रदेश सङ्ग्रहालयमा गण्डकी क्षेत्रको जनजीवन, सामाजिक तथा सांस्कृतिक रहनसहन र वेशभूषा आदिलाई जीवन्त चित्रण गर्ने प्रयास गरिएको छ ।

पोखराबाट देखिने माछापुच्छ्रे हिमाल यहाँको अर्को आकर्षण हो । यो हिमालमा हालसम्म आरोहण नभएका कारण कुमारी हिमाल (भर्जिन माउण्टेन)का रूपमा समेत यसलाई लिइन्छ । माछापुच्छ्रे हिमालको छायाँ फेवातालमा देखिने भएकै कारण 'माछापुच्छ्रे फेवातालमा पौडी खेल्नेरैछ' जस्ता गीतसमेत रचना गरिएका छन् । पोखराबाट देखिने अन्नपूर्ण, धवलागिरिलगायतका अन्य हिमशृङ्खलाले यहाँको सौन्दर्यतालाई बढाएको छ ।

पोखरा क्षेत्रमा नै इन्द्र गुफा, खारापानी तातोपानी, कृष्ती (मट्टीखान) हुँदै भरतपोखरी निर्मलपोखरीका मध्यपहाडी क्षेत्रका उच्च भूभाग हिमाली दृश्यावलोकनसहित पोखरा उपत्यकाको अवलोकनका लागि प्रसिद्ध छन् ।पोखरालाई नै आधार बनाएर गरिने विभिन्न पदयात्राका साथै यहाँबाट घान्द्रुक, धम्पुस, लान्द्रुक, सिकलेस, पञ्चासे आदि गन्तव्य पर्यटकको रोजाइमा पर्दछन् । साहसिक पर्यटनका बञ्जीजम्पदेखि प्याराग्लाइडिङ, जीपलाइन, स्वीङ, माउन्टेन बाइकिङ, अल्ट्रलाइट आदि गतिविधिले पनि पोखरा पर्यटकको रोजाइमा पर्ने गरेको छ ।

### पर्यटन राजधानी आसपासका पर्यटकीय गन्तव्यको प्रवर्द्धनमा जोड

पर्यटन राजधानी घोषणासँगै यसलाई पोखरामा मात्रै सीमित नगरी यसको दायरा फराकिलो बनाउनुपर्ने पर्यटन क्षेत्र सम्बद्ध विज्ञहरू बताउँछन् । पर्यटन राजधानी पोखरा आसपासका पर्यटकीय गन्तव्यलाई समेट्न पर्यटन सम्बद्ध सङ्घसंस्थाले विभिन्न कार्यक्रम अघि सारेका छन् । यसैको प्रयासस्वरुप नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) गण्डकी प्रदेशले उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेशको प्रवर्द्धनमा हालै गन्तव्य पहिचान एवं प्रवर्द्धन कार्यक्रम सम्पन्न भएको नाट्टा गण्डकी प्रदेशका अध्यक्ष हरिराम अधिकारीले बताउनुभयो ।

"पर्यटन राजधानी पोखरालाई सीमित दायरामा मात्रै नराखी आसपासका पर्यटकीय गन्तव्यलाई समेत समेट्नु जरुरी छ", उहाँले भन्नुभयो, "त्यसैको प्रयासस्वरुप हामीले पोखराबाट गन्तव्य पहिचान एवं प्रवर्द्धन कार्यक्रम सुरु गरी बागलुङ हुँदै कालीगण्डकी करिडोर भएर नवलपुरसम्मको यात्रा सम्पन्न गरेका हौँ ।"यात्राका क्रममा बागलुङको प्रसिद्ध धार्मिक पर्यटकीयस्थल जैमिनी धामको अवलोकनसँगै जैमिनी नगरपालिकाको स्थानीय समन्वयमा त्यहाँका जनप्रतिनिधि एवं सरोकारवालासँग छलफल एवं अन्तर्क्रिया गरिएको कार्यक्रम संयोजक एवं नाट्टा गण्डकी प्रदेशका द्वितीय उपाध्यक्ष कमला गिरीले जानकारी दिनुभयो ।

उहाँका अनुसार पर्यटन व्यवसायी एवं सञ्चारकर्मीसम्बद्ध टोलीले नवलपुरको गजेन्द्र मोक्षधाम, वाल्मिकी आश्रम, पिप्रहर सामुदायिक होमस्टेलगायतका स्थानमा पुगी त्यहाँका स्थानीयवासी, पर्यटन व्यवसायी एवं सरोकारवालासँग छलफल एवं अन्तर्क्रिया गरेको छ । टोलीले फर्कने क्रममा पर्यटन राजधानीबाट नवलपुर जोड्ने दलदले-डेढगाउँ-भिमाद-पोखरा सडकको समेत स्थलगत अवलोकन गरेको छ ।

पोखरा आसपासकै पर्यटकीय गन्तव्यको प्रवर्द्धनको प्रयासस्वरुप गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकी प्रदेशले हालै पोखरा महानगरपालिका-३१ मा पर्ने धार्मिक एवं ऐतिहासिकस्थल ठूलाकोट र मादी गाउँपालिका वडा नं ५ स्थित ठूलास्वाँरामा गाउँ पर्यटन प्रवर्द्धनका कार्यक्रम सम्पन्न गरेको भिटोफ गण्डकीका अध्यक्ष शोभा सापकोटाले जानकारी दिनुभयो ।

महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ)ले हालै नेपालकै पहिलो पर्यटकीय गाउँ सिरुबारीमा गाउँ पर्यटन प्रवर्द्धनमा स्थानीय समुदायको सहभागिता विषयक अन्तरक्रिया सम्पन्न गरेको ओटेफका अध्यक्ष उमा रेग्मीले जानकारी दिनुभयो । पोखरामा क्रियाशील अन्य पर्यटनसम्बद्ध सङ्घसंस्थाले पनि पर्यटन राजधानी घोषणा भएपछि आसपासका पर्यटकीय गन्तव्यको प्रवर्द्धनलाई प्राथमिकतामा राखेका छन् ।रासस


## Invitation for Bids

**Laxminiya Rural Municipality**

**Office of Rural Municipal Executive**

**Laxminiya Bazar, Dhanusha**

**Date of publication: 12/04/2024**

1. Laxminiya Rural Municipality,Office of Rural Municipal Executive, Laxminiya Bazar, Dhanusha invites following electronic bid from eligible Nepalese bidders under National Competitive Bidding.

| S. N | Contract ID No. and Description of Works | Total Cost (Without VAT & contingencies) | Bid Document Price (Non Refundable) | Last Date and Time of Bids Document Submission | Bid Opening Date | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | Amount Nrs. | Validity Period |
| 1 | LAX/WORKS/04-2080/81 Bilat sah Ma vi ko Bidhyalaya Bhawan Nirman | Rs. 1973199.69 | Nrs.3000 | 12th May 2024 (Within 12:00 hrs) | 12th May 2024 Within 13:00 hrs | 90 days From last date of bid submission | Rs 50,000.00 | 120 days From last date of bid submission |

3. Eligible bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

# गाँजासहित वडासदस्य पक्राउ



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीबाट प्रतिबन्धित लागूऔषध गाँजासहित दुई जना पक्राउ परेका छन् । पक्राउ पर्ने मध्ये एकजना जनप्रतिनिधिसमेत रहेका छन् ।

पक्राउ पर्नेमा जिल्लाको भंगाहा नगरपालिका- ६ का ३२ वर्षीय कलाम अन्सारी र बर्दिवास नगरपालिका- १० का ४० वर्षीय पदम स्याङ्दन रहेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका अन्सारी भंगहा नगरपालिका वडा नम्बर ६ का वडा सदस्य छन् ।

महोत्तरीका प्रहरी प्रवक्ता सन्तुलाल जयसवारले बर्दिबास नगरपालिका- १४ स्थित ट्राइल सेन्टरस्थित ईलाका प्रहरी कार्यालय बर्दिवासको टोलिलाई देख्ना साथ परिचय नखुलेको ३ जना पुरुषले बोकेर ल्याएको सेतो रंगको प्लाष्टिकको बोरा मकै बारीमा फालेर भागेको उनले बताए । सो बोरामा २० किलो ९७४ ग्राम लागूऔषध गाँजा बरामद भएको थियो ।

खोजतलासको क्रममा २ जनालाई पक्राउ गरी महोत्तरी जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरी थप अनुसन्धान गरिरहेको प्रहरी नायब उपरीक्षकसमेत रहेका प्रवक्ता जयसवारले बताए ।

# जग्गा हत्याउन ज्यान मार्ने धम्की दिएको आरोप

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको एक गाउँपालिकामा रहेको जग्गा हत्याउनका लागि अमर पँजियारले ज्यान मार्ने धम्की दिएको अञ्जना मिश्रले आरोप लगाएकी छन् ।

महोत्तरीको रामगोपालपुर गाँउपालिकास्थित लक्ष्मीपुर बस्ने अञ्जना मिश्रले जनकपुरधाम- १६ स्थित कपिलेश्वर बस्ने जग्गा व्यापारी अमर पँजियारले आफूलाई ज्यान मार्ने धम्की दिएको आरोप लगाइन् ।

जनकपुरधाममा बिहीबार पत्रकार सम्मेलन आयोजना गर्दै पीडित मिश्रले भनिन्, ‘ अमर पँजियारले सासुको उपचारको नाममा जेठाजु र देवरको नाममा तीन करोड रुपयाँको झुठो कपाली तमसुक बनाएर लक्ष्मीपुर गाउँको ३० बिघा जग्गा हत्याउनका लागि ज्यान मार्ने, धम्की दिनेदेखि विभिन्न खाले षड्यन्त्र गरिहेको छ ।’ उनले जग्गा व्यापारीसमेत रहेका पँजियारलाई भू-माफियाको संज्ञा दिँदै पीडित मिश्रले भनिन्, ‘मैले र मेरो परिवारको कुनैपनि सदस्यले तीन करोड रुपैयाँ नै नलिए पनि जालसाजी कपाली कागजको भरमै ३० विघा जग्गामा नै अदालत मार्फत रोक्का लगाएको छ ।’



झुठो कपाली तमसुक बनाएर जग्गा मेरो नाम गरिदिन भन्दै पँजियारले पटक पटक ज्यान मार्ने धम्की दिने गरेको उनले बताइन् ।

स्थानीय प्रहरी समक्ष न्यायको लागि गुहार माग्दा प्रहरीले पनि कुनै वास्ता नगरेकाले आफुले पत्रकार सम्मेलन मार्फत मलाई, मेरो परिवारलाई र मेरो जग्गा बचाइदिनका लागि पत्रकारलाई गुहारेको बताइन् ।

उनले मेरो बाजे ससुर अक्षेबर सिंह र ससुर रामकिशोर सिंहको नाममा रहेको ३० विघा जग्गा हत्याउने दाउँमा रहेका पँजियारले झुठो कपाली तमकसुक बनाएर बिना कुनै कारण धनुषा जिल्ला अदालतमा मुद्दा दिएकोसमेत बताइन् ।

## संघका महासचिवद्वारा राजीनामा



**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज उद्योग वाणिज्य संघको आन्तरिक विवाद चुलिएको छ । अध्यक्ष र महासचिव बीचको विवाद उत्कर्षमा पुगेपछि संघका महासचिव आशिष कुमार लाठले राजीनामा दिएका छन् ।

अध्यक्षको उक्साहटमा संघका कर्मचारीले आफूलाई नटेरेको भन्दै राजीनामा दिएको महासचिव लाठले बताए । महासचिवको राजीनामाको मुख्य कारण लेखा सम्बन्धी नै भएको एक कर्मचारीले बताए ।

महासचिव लाठले दिएको राजीनामा पत्रमा लेखा सम्बन्धी अति गोपनीय विवरण सामाजिक सञ्जालमा सार्वजनिक भएको भन्दै महासचिव लाठले असन्तुष्टि जनाएका छन् । आवश्यक विवरण माग्दा कर्मचारीले अध्यक्ष अग्रवालको अनुमति लिनुपर्ने र कर्मचारीसँग स्पष्टीकरण माग गर्दा अध्यक्ष अग्रवालले नै लिखित जवाफपत्र पठाएपछि अध्यक्ष र महासचिव बीचको विवाद उत्कर्षमा पुगेको छ ।

## नेशनल मेडिकल कलेज प्रकरण

# दिनमा म्याद थप, रातिमा रिहा

**टुडे समाचारदाता**

वीरगञ्ज । नेशनल मेडिकल कलेज प्रकरणमा बुधबार पर्सा जिल्ला अदालतबाट अनुसन्धानको लागि ५ दिनको म्याद थप गरिएकोमा सोही राति पर्सा प्रहरीले प्रबन्ध निर्देशक साहनवाज अन्सारीलाई रिहा गरेको छ ।



सोमबार पक्राउ परेका प्रबन्ध निर्देशक अन्सारी र ल्याब प्रमुख डा. संजय साहलाई हाजिरी जमानीमा रिहा गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

बुधबार राति दुवै जनालाई हाजिरी जमानीमा रिहा गरिएको पर्सा प्रहरीका प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले बताए । सरकारी वकिलको सहमतिमा दुवैलाई हाजिरी जमानीमा बुधबार राति आफन्तको जिम्मा लगाइएको प्रहरी नायब उपरीक्षक थापाको भनाइ छ ।

वीरगञ्ज महानगरको अनुगमन समितिले गत सोमबार अनुगमन गर्ने क्रममा नेशनल मेडिकल कलेजबाट म्याद सकिएको केमिकल तथा औषधि बरामद गरेपछि पर्सा प्रहरीका प्रहरी उपरीक्षक कुमोध ढुंगेल आफै पुगेर मेडिकल कलेजका प्रबन्ध निर्देशक अन्सारी र ल्याब प्रमुख डा. साहलाई पक्राउ गरेका थिए ।

सोमबार मेडिकल कलेजबाटै नियन्त्रणमा लिएको प्रहरीले अन्सारी र साहविरुद्ध कालोबजारी तथा केही अन्य सामाजिक अपराधविरुद्ध मुद्दा अन्तर्गत अनुसन्धान प्रक्रिया अगाडि बढाएको थियो । उपभोक्ता हित मञ्चका सचिव सुनिल श्रेष्ठले दिएको उजुरीका आधारमा प्रहरीले कालोबजारी तथा केही अन्य सामाजिक अपराधविरुद्ध मुद्दा अन्तर्गत अनुसन्धान प्रक्रिया अगाडि बढाएको थियो ।

नेपाल चिकित्सक संघले एक विज्ञप्ति जारी गर्दै अन्सारी र साहलाई रिहा नगरिए आन्दोलन गर्ने चेतावनी दिएको थियो भने मंगलबार नै मेडिकल कलेजका स्वास्थ्यकर्मी लगायतकाले दुवै जनाको रिहाइको माग गर्दै प्रदर्शन गरेका थिए ।

# तुवाँलोले ढाकिएको सडक

**टुडे समाचारदाता**

रौतहट । पूर्व-पश्चिम राजमार्गको रौतहट खण्ड तुवाँलोले ढाकिएको देखिन्छ ।

डढेलोबाट निस्किएको धुँवाले वातावरणमा परेको असरको कारण राजमार्गको रौतहटस्थित सडकखण्ड तुवाँलोले ढाकिएको छ ।



डिभिजन वन कार्यालय रौतहटका सूचना अधिकृत विमल ठाकुरले डढेलोबाट निस्कने धुवाँको मुस्लोमा कार्बनडाईअक्साईड, कार्बनमोनोअक्साईड, मिथेन र अन्य प्रांगारिक ग्यासहरू हुने हुँदा वातावरण तुवाँलोले ढोकेको देखिएको बताए ।

नेपालको सन्दर्भमा वन डढेलो मुख्यतया प्राकृतिक कारण र मानवीय कारणबाट लाग्ने गरेको देखिन्छ ।

वन डढेलोले सबै जैविक वस्तु (वनस्पति तथा वन्यजन्तु) र अजैविक वस्तु (माटो, ढुंगा तथा वातावरण) लाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असर पुर्‍याइरहेको, मुख्यतः डढेलोले वन जंगलका काठ, दाउरा, घाँस सखाप पार्ने गरेको उनले बताए । उनले स-साना बिरुवा डढेर मर्ने, वनको पुनरुत्पादन तथा जैविक विविधतामा ह्रास पुर्‍याउने र डढेलोले वायुमण्डलीय प्रदूषण, वर्षाको अनियमितता, जलवायु परिवर्तन, पारिस्थितिकीय प्रणालीमा असर पार्ने गरेको उनले प्रस्ट्याए ।

डढेलोको धुवाँले राजमार्गमा तुवाँलो लागेको कारण दुई पाङ्ग्रे, चारपाङ्ग्रे तथा अन्य कुनै पनि सवारी चलाउन समस्या भएको सवारी चालक नै राकेश कुमार साहले बताए ।

जिल्ला ट्राफिक कार्यालय रौतहटका प्रमुख प्रहरी निरीक्षक सुशील आचार्यले वनमा लागेको डढेलोको कारण निस्किएको धुवाँले एकातिर चालक र यात्रुको आँखा पोल्ने, दम बढ्ने समस्या देखिएको बताए ।

# नीति तथा कार्यक्रम सार्वजनिक

**टुडे समाचारदाता**

राजविराज । जिल्ला समन्वय समिति सप्तरीले बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ ।

राजविराजमा बिहीबार जिल्लासभाको आयोजना गरी बजेट, नीति तथा कार्यक्रम सार्वर्जनिक गरेको छ । प्रतिनिधिसभा सदस्य दिनेश कुमार यादवले उद्घाटन गरेको जिल्ला सभामा जिल्ला समन्वय समितिका सभापति शिवनारायण साहले २०८०/८१ को बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए ।

सो अवसरमा उनले जिल्लास्थित संघीय तथा प्रादेशिक कार्यलय, गैरसरकारी संघ संस्था र पालिकाहरुसँग समन्वय गरी जिल्लाको समग्र विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएको जिल्ला समन्वय समिति पछिल्लो समय अधिकार र आर्थिक रुपमा कमजोर भएको बताए ।



उनले भने, “हाल राज्यबाट प्रदान गरिएको संकुचित अधिकार, भूमिका र जिम्मेवारीले समितिको अवमुल्यन भएको महसुस गरिएको छ, समितिका प्रमुख साहले भने, निर्वाचित जनप्रतिनिधिहरु भूमिकाविहीन हुने अवस्थाको अन्त्यका लागि सभा मार्फत राज्यको ध्यानाकर्षण गराउन चाहन्छु ।”

सो सभामा उनले आ.ब. २०८०/८१ मा पूँजीगत तर्फ १ करोड ६५ लाख ६५ हजार ५ सय २९ रुपैयाँ र चालुतर्फ १ करोड ६३ लाख ५८ हजार गरी ३ करोड २९ लाख २३ हजार ५ सय २९ रुपैयाँको बजेट प्रस्तुत गरे ।

संघीय र प्रदेश सरकारबाट प्राप्त बजेट, आन्तरिक आम्दानी र दातृनिकाय एवं विभिन्न संघ संस्थाबाट उपलब्ध भएको श्रोत अनुमान विवरणको आधारमा बजेट नीति तथा कार्यक्रम तयार पारिएको छ ।

नगर र गाउँपालिकाको समन्वय तथा जिल्ला सभाको सक्षम नेतृत्वबाट जिल्लामा सबै पालिकलाई सदरमुकामसँग जोड्न सडक बाटोको निर्माण गरिने प्रस्तुत बजेट, नीति तथा कार्यक्रममा उल्लेख छ ।

त्यस्तै एक पालिका, एक-एक सभागृह, बहुउद्देश्यीय कवर्ड हल र खेलमैदान निर्माण गर्न पहल गरिने उल्लेख गरेको छ ।

कृषिजन्य उत्पादन सुरक्षित राख्न एक निर्वाचन क्षेत्र, एक सीत भण्डारणको स्थापना, पाँच वर्षमुनिका बालबालिका, ६० वर्षमाथिका जेष्ठ नागरिक र अपाङ्ता भएका व्यक्तिलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्कका लागि आवश्यक पहल गरिने सो नीति तथा कार्यक्रममा समेटिएको छ ।

# शहीद कप अन्तरप्रदेश क्रिकेट प्रतियोगिता हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा आगामी वैशाख २० देखि २९ गतेसम्म शहीद कप अन्तरप्रदेश टी-२० क्रिकेट प्रतियोगिता हुने भएको छ ।




मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालयको आयोजनामा शहीद कप क्रिकेट कमिटीको संयोजन तथा नेपाल क्रिकेट संघ (क्यान)को सहकार्यमा हुन लागेको सो प्रतियोगितामा सात वटा प्रदेशको क्रिकेट टिम र एउटा आयोजक टिम गरी आठवटा टिमको सहभागिता हुने खेलकुद तथा समाजकल्याण मन्त्री सुरिता साहले जानकारी दिइन् ।

जनकपुरधाममा बिहीबार पत्रकार सम्मेलन आयोजना गर्दै खेलकुद तथा समाजकल्याण मन्त्री साहले खेलकुदको विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताइन् । उनले आगामी दिनमा खेलकुदको विकासका लागि थप बजेट विनियोजन गरिने समेत बताइन् ।

प्रतियोगिताको विजेता टिमलाई २ लाख ११ हजार नगद र ट्रफी र उपविजेता टिमलाई १ लाख १ हजार रुपैयाँ नगद र ट्रफी प्रदान गरिने आयोजक खेलकुद तथा समाज कल्याण मन्त्रालयका सचिव चूडामणि फुयाँलले बताए ।

निजी स्तरबाट २०७५ सालदेखि सुरु भएको उक्त प्रतियोगिता कोरोना कालमा स्थगित गरिएको थियो । मधेश प्रदेश सरकारले यसको अपनत्व लिएपछि तेस्रो पटक प्रतियोगिता हुन लागेको शहीद कप क्रिकेट कमिटीका संयोजक रोशन सिंहले जानकारी दिए ।

सो प्रतियोगितामा ३७ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ भने यसमध्ये ३० लाख रुपैयाँ प्रदेश सरकारले उपलब्ध गराउने जनाएको छ भने बाँकी रुपैयाँ निजी स्तरबाट सहयोगस्वरुप आर्थिक संकलन गरिने उनले बताए ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८